
ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३१ औं वर्षमा
१०३

## नेपाल बाहिरका नेपाली कविता
पहिलो भाग

वि.सं. २०५० सालमा प्रकाशन आरम्भ गरेर २०८० बैशाखमा शतक अङ्क प्रकाशन गर्न सफल **नवप्रज्ञापन**को निरन्तरताको लागि हार्दिक मङ्गलमय शुभकामना !



**रविन्द्र रिजाल**
स्वाभिमानबस्ती, जीतपुरसिमरा
उपमहानगरपालिका–१६, बारा

भाषा साहित्यप्रति अत्यन्तै अनुराग राख्ने रविन्द्र रिजाल नवप्रज्ञापनका प्रारम्भ कालदेखिका पाठक हुनुहुन्छ । उहाँ कुनै समयमा निर्दोष कुमारको उपनामले कथा, कविता र समीक्षा लेख्ने गर्नुहुन्थ्यो । तर अचेल उहाँको लेखनी चुपचाप बसेको देखिन्छ । उहाँ यही अङ्कदेखि नवप्रज्ञापनको पारिवारिक सदस्य बन्नु भएको छ । पारिवारिक सदस्य बन्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दै नवप्रज्ञापन लेखन यात्रालाई निरन्तरता दिन विशेष अनुरोध गर्दछ ।

# नवप्रज्ञापन

पूर्णाङ्क : १०३, माघ–चैत्र २०८०

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
शरद प्रधान

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
विनयराज गौतम
राम अधिकारी
भवानी तावा
देवकरण माझी
जनार्दन खनाल
गोपाल फ्युबा
के.बि. सिम्पल
टीकाराम उदासी
रामचन्द्र नेपाल
डा.पुष्कारराज भट्ट
गगनदीप सर्व
उमेश रिमाल
विनोद पाण्डे

**मूल्य : १००/-**

कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७, कमल अधिकारी, काभ्रे

सम्पादकीय

# आजको आवश्यकता

तपाई मान्नुस् या नमान्नुस् हामी निरन्तर हिँडिरहेका छौँ । पाइला कहिल्यै रोकिएका छैनन् । कहिले देखि त ? प्रश्न हुन सक्छ । अस्वाभाविक मान्नुपर्ने कारण छैन । स्वाभाविक मान्न सकिन्छ वा मान्नुपर्छ । जहाँ बसेर जे भनिए पनि हाम्रो गति निरन्तर अगाडि बढिरहेको सत्य हो ।

दुनियाँले देखिरहेछ हामी उडिरहेका र गुडिरहेका छौँ । खाली बसिरहेका छैनौँ । देशमा बस्न मन लागिरहेको छैन । उड्दा र गुड्दा नै हुनसम्मको आनन्द लागिरहेको छ । खुसी लागेको काम गरेर मजा लिइरहेछौँ । कहिलेसम्म? प्रश्न नगर्नु होला महाशय, हामी हामी हौँ र हाम्रो पहिचान भनेकै हामी हो ।

आफूसँग केही नभएको ठान्नु तर खोजीतिर कहिल्यै नलाग्नु र परायसँग सबै थोक देख्नु हाम्रो परम्परागत र मौलिक कमजोरी हो । त्यहीमार्फत संसार सामु चिनिइरहेका छौँ । चिनिनु न हो, अरू के चाहिन्छ र ? अहँ चाहिँदैन । त्यही परिचय बोकेर जुगौँजुगदेखि बाँचिरहेका हामीहरूको त्योभन्दा अर्को अभिलाषा केही छैन ।

कोही दाम र नामका लागि युरोप, अमेरिका, क्यानाडा तथा अस्ट्रेलिया त कोही घर परिवारको रेखदेख र मामका लागि खाडीका विभिन्न मुलुकहरूतिर उडिरहेका छन् । फरक यत्ति हो, कसैका गन्तव्य लामा त कसैका छोटा छन् । उद्देश्य र सपना पनि फरक फरक छन् । ती दुवैथरी बिचको समानता भनेको उड्नु मात्र हो ।

मुलुकबाट विभिन्न उद्देश्यले उड्नेहरूभन्दा गुड्नेहरूको लहर अझ ठुलो छ । गुड्नेहरूका लहर जतिसुकै ठुला भए पनि सपना त्यतिविधि ठुला छैनन्, अर्थात् सपना साना छन् । विधिको विडम्बना भनौँ वा अगुवाहरूका अदूरदर्शी दृष्टिकोण हाम्रा आँखाले सदियौँदेखि यहाँ केही पनि देखिरहेका छैनन् । जे जति देखिरहेका छन् सबै बाहिर देखिरहेछन् । यसलाई कसरी परिभाषित गर्नु भन्या ?

शासन सत्तामा जोसुकै पुगेको होस् यहीँ छ, यहीँ गर्नुपर्छ, जेजे गर्ने हो यहीँ गरौँ, श्रम र सिप यहीँ रोपौँ, यही धर्तीलाई मलजल गरे एकपेट खान र एकधरो लाउन पराय मुलुक धाउन पर्दैन, बाँच्ने अनगिन्ती आधार यहीँ छन् औपचारिक रूपमा कोही पनि भनिरहेका छैनन् । अनौपचारिक भन्नाईहरूलाई कसैले विश्वासै गरिरहेका छैनन् । किन होला? मेरा मनमा प्रश्न छन् तर मैले उत्तर पाउन सकिरहेको छैन । खोज्न थालेको आजदेखि हैन हिजोदेखि, अस्तिदेखि र अझ अस्तिदेखि नै हो ।

सही उत्तर पाउन सकिरहेको

छैन । मन बेचैन बेचैन छ । कहाँ वा कोसँग होला त मैले प्राप्त गर्न नसकेको उत्तर । अचम्म कोही पनि औपचारिक रूपमा मुख खोल्न खोजिरहेका छैनन् । म अचम्भित भइरहेछु । जजसले हिजो साथ दिइरहेका थिए आज ती परपर भागिरहेछन् । खै किन हो कि ?

गुडेर कामका लागि उता जानेहरूको लहर भएझैँ यता प्रवेश गर्नेहरू पनि सानो सङ्ख्यामा छैनन् । आवतजावतको क्रम निर्बाध चलिरहेछ । क्रमले कहिले काहीँ त सीमा नाका नै अवरूद्ध बन्न पुग्छ । यस्ता दृश्यहरूले धेरैका मन नदुखे पनि थोरैका दुखाउने गर्छन् । मेरो मन दुख्दैन तर छातीमा प्रश्न जन्मन्छ किन, किन र किन ?

हामी यता केही छैन,जेजति छ उतै छ भनिरहेछौँ तर त्यताबाट यता केही छ भन्दै आउनेहरूको लहर बाक्लै छ । हामी केही नदेखेर गइरहेछौँ । उनीहरू यता केही देखेर लाम लागेर आइरहेछन् । यता केही भएरै ती आएका हुन्, नभए आउने नै थिएनन् । अहँ जिम्मेवार निकाय यसरी बुझाउन सकिरहेको छैन ।

देश छाडेर जानेहरूका कारण एकातिर हाम्रा खेतबारी बाँझिँदै छन् त अर्कातिर घरहरू थोत्रिइर हेछन् । गाउँ घरमा जन्ती, मलामी र खेताला पाइन छाडेका छन् । तथापि हामी यहाँ केही छैन केही छैन भन्न छाडिरहका छैनौँ । श्रम शक्तिको पलायन तीव्र गतिमा भइरहेको छ । यो सुखद् समाचार हुन सक्दैन । कुनै पनि देशका लागि यो अत्यन्तै दुखद् सन्दर्भ हो । झन् हाम्रो जस्तो देशको लागि अझ मर्मको विषय हो ।

राज्यको जिम्मेवार निकायमा बस्नेहरूको ध्यान यता जानु अति आवश्यक छ । यसलाई सामान्य रूपमा कहिल्यै हेरिनु हुँदैन । हेरिए त्यो देशका लागि अत्यन्तै दुखद् विषय हुन जान्छ । यतातिर बेलैमा सोचिनु बुद्धिमत्ता ठहर्छ । देशमा बसेर केही गरौँ, यस्तो भाव जगाउनु राज्यको काम हो । राज्यप्रति नागरिकहरूमा अविश्वास बढेपछि देश छाड्ने क्रमले निरन्तरता पाउने गर्छ । एकातिर देशमा केही छैन भन्दै नागरिकहरूले धमाधम देश छाड्दै जानु र अर्कातिर सामान्य कामका लागि पनि अन्य देशबाट बोलाउनु पर्ने स्थिति आउनुको बिच कत्तिको निकटता छ यो अत्यन्तै सोचनीय विषय हो ।

राज्यले यी र यस्ता कुरालाई गम्भीरतापूर्वक मनन गरी देश छाड्न खोज्नेहरूलाई यहीँ बस्ने वातावरण तयार गर्नु अति आवश्यक छ । राज्यले आजको लागि हैन भोलिको लागि सोच्नु पर्छ । भोलिका लागि आजैदेखि भव्य तयारी थाल्नुपर्छ । आज थालिएको तयारीले मात्र भोलि सुखमय हुनसक्छ । अन्यथा भोलि अन्धकारले भरिभराउ हुने सम्भावना छ । देश छाड्न खोजिरहेकाहरूको मनोविज्ञान बुझेर काम गर्नु गराउनु राज्यको खास दायित्व हो । यसर्थ सोचौं, बुझौं र गम्भीर बनौं ।


शुद्ध तथा अर्गानिक खाद्य सामाग्रीको लागि देशभरमा रहेका
विभिन्न डिपो तथा विक्रिकेन्द्रहरूबाट हाम्रा सामानहरू
खरिद गर्न सक्नुहुनेछ
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
प्रधान कार्यालय, भद्रकालीप्लाजा, काठमाडौ
पोष्ट बक्स नं. ९७७, फोन : ०१-४२४८८८३, ४२४८८९१, फ्याक्स : ०१-४२६२४९८
Email : nepalnfc@gmail.com, fmtcl2076@gmail.com
Website : fmtc.org.np, Online portal : nepalfoods.gov.np


www.prabhubank.com
prabhu Bank
BANK OF THE YEAR 2023
THE BANKER
BANK OF THE YEAR
2023
Elevated Aspirations
for Prosperity
Bank
of the Year
2023

# रचनाक्रम


- अगमसिंह गिरी/७
- अबीर खालिङ/९
- अशोक रोका/११
- कमला तामाङ/११
- कालुसिँह रनपहेँली/१२
- किताबसिंह राई/१३
- केवलचन्द्र लामा/१४
- केदार गुरुङ/१५
- खडकसिँह राई 'काँढा'/१५
- गिर्मी शेर्पा/१७
- गुमानसिँह चामलिङ/१७
- जीवन थिङ/२४
- जीवन नामदुङ/२८
- दान खालिङ/२८
- नरेन्द्रप्रसाद कुमाई/२९
- नरेशचन्द्र खाती/३०
- नव सापकोटा/३२
- निर्मल सिञ्चुरी/३३
- नैना अधिकारी /३४
- नोर्जाङ स्याङदेन/३६
- नोर्देन रुम्बा/३७
- पवन चामलिङ 'किरण'/३९
- पवित्रा लामा/४१
- प्रवीण राई 'जुमेली'/४३
- प्रेम शेर्पा 'विरोकी'/४४
- बिलोक शर्मा/४५
- भीम थापा/४६
- मनप्रसाद सुब्बा/४७
- मोहन ठकुरी/४८
- योगिता राई/४९
- राजा पुनियानी/५०
- राजेन्द्र भण्डारी/५०
- रुद्र बराल/५१
- रेमिका थापा/५२
- विकाश गोतामे/५३
- वीणा हाङखिम/५५
- वीरभद्र कार्कीढोली/५६
- वीरेन्द्र सुब्बा/५७
- सानुमति राई/५८
- सिद्धार्थ राई/६०
- सुधीर छेत्री/६१
- सुभद्रा बन्जन/६२
- हरिभक्त कटुवाल/६३
- ज्ञानेन्द्र खतिवडा/६४


## बगैंचाभित्रका फूलहरु


- संयोजक बाबुराम लम्साल/६५
- सफी भट्टराई/६५
- तेजस्वी भण्डारी/६५
- चाँदनी लिम्बु/६६
- अनुज चौधरी/६६
- अंशु अधिकारी/६७
- सेविका मगर/६८


## बजारमा नयाँ पुस्तक


- संयोजक प्रतीक्षा रिजाल/६९

# चिहान यहाँ बोलिरहेछ



– **अगमसिंह गिरी**

(**एक**.)
यो चिहान
महाकाललाई युग-युगको निरपेक्ष दान
धरतीका सुन्दर असुन्दर लाखौं अस्तित्व
यहाँका माटा र ढुङ्गाले थिचिराखेका छन्
धर्म-अधर्म, सदाचार-अनाचार
सम्पत्ति विपत्ति, रोदन हाँसो
संसारभरिका प्रभेदपूर्ण संस्कारहरूलाई
ढुङ्गाले थिचेकोछ यहाँ
माटोले निलेको छ यहाँ
अनि वैभिन्यका लामा लामा बाटाहरू
यहीं आएर टुङ्गीएका छन् आज
यहाँ समता छ, विषमता छैन यहाँ
यहाँ ऐक्य छ, प्रभेद छैन यहाँ
यो श्मशान, यी चिहान
छातीका यस्तै चिर-सञ्चित विक्षुब्ध मौनता
मसँग खोलिरहेछन् यहाँ
अरण्य रोदनसँग चिहान यहाँ बोलिरहेछ !

(**दुई**)
यो श्मशान
विधिको यो अनौठो व्यवधान
शिशुको दूध चुस्ने तीर्खा यहाँ हरहर भइरहेछ
बालकहरू रोइरहेका छन् मातृत्व खोज्दै खोज्दै यहाँ
क्षणमात्रको सयोगमा उत्फुल्ल यौवन
यहाँ अन्तहीन वियोगमा जलिरहेछ
यहाँ मिलनका धेरै धेरै सपनाहरूमा
माटोले विपनाको उज्यालो छिर्न दिएन कहिल्यै
अपूर्ण, अतृप्त, असन्तुष्ट,

छ सँधै सँधै यौवन यहाँ
तर यो अन्धकारपूर्ण शून्यतामा
माटा र ढुङ्गाका खापा खाप-मन्तिर
सेताम्मे फुलेका केश, कोप्रिएका, चाउरिएका
बूढ़ा शरीरहरू
माटाका न्यानोमा मस्त निदाइरहेका छन्
चिन्ताहीन, नैराश्यशून्य, स्वप्नविमुख बनेर
अनि यी चिहानहरू भने -
यहाँ सृष्टिका अनित्यतालाई व्यङ्ग्य गर्दै गिज्याइरहेका छन्
यो श्मशान अतीतका अलिखित इतिहासहरूका
वर्तमानको व्यथा थप्दै, भबिष्यको अँध्यारो थुपारेर
गुनगुनाइरहेछ, चिहान यहाँ बोलिरहेछ !

(**तीन**)
यो श्मशान
पहाड़ पखेरामा छरिएका केही विदीर्ण चिहान
यहाँ कविहरू, चित्रकार, संगीतज्ञहरू पनि
कल्पनाशून्य, भावना बिहीन, निःस्वप्न बनी
सीमाहीन निद्राको मोहमा
अघिनै आफूलाई विसर्जित गरेका होलान्
यहाँको यस विषादयुक्त शून्यतामा
अवशेषका नियात्रा गीत गुञ्जिरहेछन्
विधिका विचित्र तूलिकाले रंगिएका छन्
यहाँ वैराग्यका केही चित्रहरू
वासांसि जीर्णानि यथा विहाय
नवानि गृहणाति नरोऽपराणि
तथा शरीराणि विहाय जीर्णा
न्यन्यानि संयाति नवानि देही...!
यी उदास चिहानहरूका आँशु पुछिदिन
पुनर्जन्मको मिथ्या प्रलोभन उब्जाइरहेछ
यहाँ निरन्तरतासँग कत्रिको कविता यसरीनै बोलिरहन्छ
वियोगको रहस्य खोलिरहेछ
निस्तब्धतासँग रोइरहेछ
चिहान यहाँ बोलिरहेछ !
*(साभार : तेस्रो आयाम पत्रिका पहिलो अङ्क)*

# चिट्ठीहरू



– अबीर खालिङ

डाँडामा एक्लै हावामा हल्लिरहेको लुङदर
शरदको सुकिलो शान्त आकाशमा
टोहोलाइरहेको जुन
अवोध बालकको निष्पाप प्रश्नहरू
के तिम्रा प्रेमिस चिठ्ठीहरू हुन्
ती प्रेमिल चिठ्ठीहरू
ती कोमल चिठ्टीहरू
कमनीय कि
अति रमणीय ती चिठ्ठीहरू -
जो हर बिहान घामका कलिला पाउसँग
मेरो बार्दलीमा आएर बिसाउँछ
घामले टेक्दै शितको थोपासँग बिलाउँछ
चराका गीत बनेर
भँवराको भुनभुन बनेर
कि त खोलाको सङ्गीतसँग
कतै आकाशकै गनगन बनेर
आउँछन् चिठ्ठीहरू
र मेरा प्रतीक्षा ओढेर निदाएका
अकर्मण्य दिनहरूलाई
उसका मायालु शव्दहरूले
सुम्सुम्याउन थाल्छन्
बाजे मकारिकलाई वानकाको अनुनयमा
कति चिठ्ठीहरू आए
जोसेफाइनको बिलौना बनेर नेपोलियनलाई
कति चिठ्ठीहरू गए
इलिजावेथ व्यारेट, अमृता प्रितमका उच्छवासमा
कति चिठ्ठीहरू हावामा उडिगए
कुनै चिठ्ठी चाहनामा लेखिए
कुनै बहानामा लेखिए, चिठ्ठीहरू त
कुनै प्रेयसीको प्रितमा लेखिए
कुनै ऋतुहरूको रितमा लेखिए

चिट्ठीहरू त, वसन्तको बहार र
शिशिरको प्रहारमा पनि लेखिए
मलाई अहिले पत्र मञ्जुषाको पेटभित्र
कैद भएको प्रेमिल चिट्ठीको याद आउँछ
हुलाकीको झोलाभित्र निस्सासिएको
कुनै लाहुरेको छटपटी र विवशताको याद आउँछ
कहिले भने एकनास लेख्दै च्यात्दै फालेका
यशोधराका असत्य ती अशक्त चिट्ठीहहरूको याद आउँछ
हो तिम्रा स्नेहाशिक्त आशिषमय अदृश्य हातले
मेरा कमजोर पलमा तिमीले पठाएका
ती चिट्ठीहरूको, झनै याद आउँछ
बगैंचाको स्निग्ध गुलाफ बनेर
वर्षाको इखालु वर्षातमा रूझेर
हिउँदिला वर्फिला कहरमा कठ्याङ्ग्रिएर
पनि तिम्रा चिट्ठीहरू आइरहन्छन्
बाटामा, घाटमा, बजारमा
शम्सानमा हर समय हर पल
तिम्रा चिट्ठीहरू पाइरहनु
तिमीबाट प्रेमित भइरहनु
सुखको वृन्दावनमा मग्न बाँसुरी बजाइरहनु
केही चिट्ठीहरू त बाँसका पातहरूलाई
बतासले लेखे
केही चिट्ठी पहेंलिएर झर्दै गरेका पातहरूले
हताश बुढो रूखलाई लेखे
कुनै चिट्ठी पुरानिएर ढल्दै गएका दिनहरूले
उदाश थोत्रो युगलाई लेखे
घामका अविराम पाइलामा
जुनका शितल स्वर्गीय टहकमा
आइरहन्छन् चिट्ठीहरू
र, मेरा निद्रित आँखाका परेली द्वार ढकढकाउँछन्
सम्पूर्णताको प्रतीक्षा र स्वागत खोजेर
ती चिट्ठीहरू, मलाई सुम्सुम्याइरहन्छन्
मलाई नै स्पर्श गरेर
आनन्दित बनिरहन्छन्

*(कालचिनी डुवर्स)*

# भोक र शोक



– अशोक रोका

गहभरिका तिम्रा आँशुहरू
दुख्नै नसक्नेगरी
शोक प्रमाणित भइदिऊन्
ओठभरिका निश्चल तिम्रा हाँसोहरू
रित्तो पेट भए पनि
भोकमा पनि हाँसिरहून्
भन्छु अब त आँशु र हाँसोको
दुरत्व अझै फाँटिएर जाऊन्
कहिल्यै नचिनिने गरी एकार्का
अपरिचित भइदिऊन्
र मात्र रूखका यी हाँगा–हाँगाहरूले
अतृप्त भोक र असीम शोकहरूका
आत्महत्याको बोझ खप्न नपर्ला ।
शोकले भोकलाई भलाकुसारी गर्दा
भन्ला, म विवशतामा अघाएको छु
भोकले पनि शोकलाई सोध्दा
भन्ला, म पनि त वेदनामा रमाएको छु ।
*(हाल : बाग्राकोट, डुवर्स)*

# शोषित नारी



– कमला तामाङ

महाभारतमा
शोषित नारी द्रौपदीको पीड़ा
स्पष्ट देख्न सक्छन् सबैले।
‘रामायण’ मा
रावणद्वारा अपहरण भएकी
सीताको पीड़ा

स्पष्ट देख्न सक्छन् सबैले
उनीहरूका पीड़ालाई
मनमा गहिरोसँग महसुस गर्नसक्छौ तिमी ।
आज पनि
द्रौपदीहरू छन्, सीताहरू छन्,
उनीहरू पीड़ित छन् ।
आज तिमी सोंचमा परिवर्त्तन ल्याउन सक्छौ
उनीहरूका पीड़ा कम गर्नसक्छौ
पीड़ित नै हुन नदिन पनि सक्छौ ।
अनि मेरो पीड़ा ?
न्यायालयको कुनै आल्मारीमा युगौंदेखि
बन्द फाइलहरूमाझ चेप्टिएको छ ।
ती सबै अब धमिराका आँखाहरूमा सरेका छन् ।
यतिखेर, म प्रतीक्षामा छु
मेरो पीड़ा धमिराले खाएरै खत्म गरोस् !
र, मलाई मुक्ति मिलोस् !!
यो पनि त पीड़ाको उच्छवास मात्र हो कि !
*(मिरिक दार्जलिङ)*

# नार्सिससिसित



– **कालुसिँह रनपहेँली**

१.
समयको हावाले च्यातेको
रूपको गुड्डी
चाउरीका करङहरू देखाएर
लर्किरहेछ अनुहारको रूखमा
नार्सिसस,मेरो हातमा पनि छ
फुटेको एउटा ऐना .

२.
फूलका क्यारीहरू
फूल–फूलका ऐनाहरू
समय ढुङ्गाको घुयैंत्रो क्षणभङ्गुरता
आँखा चिम्म गर्छु–
सुन्छु एउटा आवाज 'छर्लम्म
नार्सिसस,मेरो हातमा पनि छ
फुटेको एउटा ऐना

३.
उमेरको बोटमा
बैँसका फूलहरू सुन्दर हल्लिइरहेछन्
हुरीका पाउहरू देखिँदै छन्
दगुर्दै-दगुर्दै यतै आउँदै गरेका
नार्सिसस,मेरो हातमा पनि छ
फुटेको एउटा ऐना.

४.आम्मै ! कति नुहेको
कम्मरमा त्यो उमेर
फुटेछ त्यहाँ वयको एउटा ऐना
नार्सिसस,मेरो हातमा पनि छ
फुटेको एउटा ऐना

५.
तल-तलबाट
उठ्दै आइरहेका बादलहरूले
हरे ! छोप्न लागे गाउँ
ढाक्न लागे घरहरू
आउँदै छ, बादल आउँदै छ
बर्सिनलाई फुटेर छर्लम्म
नार्सिसस,मेरो हातमा पनि छ
फुटेको एउटा ऐना .

६.
बग्दै आइरहेको समयको पानी
खोला बोटमा फुलेका फोका फूलहरू
उठ्दै आएका फुट्दै गएका
सुन्दर फिँज विसर्जित भइरहेका
अहो, फुटेको पानीको स्वरूपमा
जिन्दगीको काँच छर्लम्म
नार्सिसस, मेरो हातमा पनि छ
फुटेको एउटा ऐना

*(नार्सिसस– ग्रिक मिथकका एक पात्र जो पानीमा आफ्नोप्रतिविम्ब हेर्दछन्,अनि आफ्नै सुन्दरतामा मक्ख भई प्राण त्याग गर्दछन् )*

*(सालघारी, दार्जलिङ)*

# टिस्टा ! म बगर–बगर हिँड्छु



– **किताबसिंह राई**

सह-सम्भोगानन्द पछि-
विश्राम अनि विश्राम-लम्पसार परे जस्ती
पूर्ण परितृप्त पाउँछु-टिस्टा तिमीलाई!
उच्छृंखलोन्मत भावनाले
म संधै उद्वेलित हुन्छु,
म सँधै उत्तेजित हुन्छु,
बगर-बगर म संधै हिंड्ने गर्छु,
बगर-बगर म सँधै अदृश्य नौका खोज्छु,
बगर-बगर म सँधै आस्थावान नाविक खोज्छु

*(डुवर्स)*

# बाघ र समय




– **केवलचन्द्र लामा**

कतैबाट फुत्त निस्कन्छ बाघ
कतैबाट पनि, कहींबाट पनि
फुत्त निस्कन्छ बाघ
कुनै दन्त्येकथाबाट
कुनै जनश्रुतिबाट
कुनै उखान नभए बाग्धाराबाट
र डाँड़ाको टुप्पोबाट हेर्छ
तलको मैलो नगरलाई ,
तलको बाक्के बसेको गाउँलाई,
माथिको धमिलो जूनलाई
त्यसपछि गर्जन्छ बाघ
मलिन स्वरले
मध्यम स्वरले
र उच्च स्वरले
तारसप्तक बन्दछ
सपनामा देखिइने नगर
कवितामा भनिइने गाउँ
भयले लगलगी काँप्दछन्
निभिसकेको बत्तीको अँध्यारोमा
गुम्लुङ्ग भय ओढेर
निदाएको नाटक खेल्छ घर
पाठ्यपुस्तकमा लेखिएको छ
रगतले तिर्खा मेट्छ बाघ
बाघको वृत्तचित्रमा
बाघले
काँचो मासु खाएको
दश मिनेटको दृश्य छ
बाघका तिखा नङ्ग्रा
र धारिला दाह्राको वर्णन छ

आकाशलाई मनपर्दैन कि
बाघको वीरताको बखान ?
गड्याङगुडुङ गर्छ
चट्याङको ब्रह्मास्त्र हान्छ
बाघलाई ताकेर
त्यसपछि पानी पर्छ
मुसलधारे पानीमा बाघको
नङ्ग्रामा अल्झेको मासुको चोक्टा
मुखमा लागेको आलो रगत
सबै बग्छन्
तृप्त भएर बाघ
काल्पनिक जङ्गल पस्छ
ञ बाघको प्रस्थानपछि
ढुक्क भएको घर
निदाउनु लागेको गाउँ
फेरि बत्ती बाल्नु आँटेको नगर
सबै सबै बगेर जान्छन्
कतै पनि, कहीँ पनि झ
काव्यमा यस्तै वर्णन छ
*(दार्जिलिङ)*

# जीवन, कविता र फर्सीको गट्टा



– केदार गुरुङ

प्रत्येक मानिस तथा
व्यक्तिको जीवन वा कविता पनि
घुरानमा उम्रेर बेस्याहार फैलिएको
फर्सीका लहराहरूबाट
जताततै रहरलाग्दा मुन्टा, फूल र गट्टाहरूझैँ
सधैँ मौलाएर फैलिने, फुल्ने र फल्ने भए त
धनीलाई हेर्ने रमिता र बेला-बखत मुख फेर्ने
साधन मात्र भएपनि
गरीबलाई त हरेक छाक टार्ने
सब्जी, मुन्टा र नानीहरूलाई ढाँट्न
कुखुराको फुल जस्तै देखिइने र झुक्किइने
फर्सीको फुलको मिठो र ताजा भाजी
दाल-भात दुवै टार्ने कलिला गट्टाहरू अनि
मान्छेलाई खाजा र गाईलाई खोलेको निम्ति
छिप्पिएको फर्सी कति उपयोगी र महत्वपूर्ण
हुन्थ्यो होला ?

*(सिक्किम)*

# मेरो नामले पुगेन मलाई



– खडकसिँह राई 'काँढा'

मेरो नामले पुगेन मलाई
र उपनाम थपेँ
तर पनि म अझ म भइनँ
जहाँ चाह थियो म उपस्थित थिइनँ त्यहाँ
तर लाग्छ कहीँ छ, अवश्यम्भावी
जो असल छ, सुन्दर छ र सत्य छ
जो मरूभूमिमाथिको रातको आकाश छ, तारा छ,
औ यस क्षणिक विश्राममा सततः अग्रसर मेरो पयर छ ।

यसरी चाहहरूको वरण गरेर मैले
सधैँ वान्धवहरूलाई, प्रजाहरूलाई शिक्षा दिएको छु
सपनाहरूको पछिपछि बालुवामा पाइला भसाउँदै
बन्धुहरूकन, भाषाकन सधैँ कविता दिएको छु,
सादा पन्नामा फगत् वाणी दिएको छु
मेरो वीरता औ बहादुरी त गहिरो जङ्गल र
विराना पहाडहरूमा काल-कवलित छ
यी वीरचक्रले अब त धीरता बक्सेको छ मलाई
मेरो घरेटीदेखि धेरै टाड़ो
एक अनाम दैत्यसित युद्धमा मेरो रगत
भूत भइसकेको छ :
मेरो नाम यसरी उपनाम भएको छ
अब यो नामले-उपनामले
आज मेरो 'म' खोजिरहेछ,
एउटा घर खोजिरहेछ, एउटा जात खोजिरहेछ
युद्धलाई होइन युद्धको धर्मलाई खोजिरहेछ
ब्यूँझेर लाटोपनले प्रतिकार चाहिरहेछ
कि अब उच्चार्नु परिरहेछ अधिकारलाई
एक अर्कै स्वरमा
कि उजिल्याउन परिरहेछ अस्तित्वलाई
अझै रूपमा-अर्कै रङ्गमा
कि मेरो राष्ट्रभक्ति मेरो स्थिरताको माग
मेरो धीरता-वीरता औ नागरिकताको माग
शासनको अघि मेरो विनम्रताको माग
मेरो जातित्व-मेरो कवित्वको माग
प्रस्तुत हुनेछ जस्तो
घनको प्रहार प्रस्तरमा,
सम्झौताको क्षितिज धमिलिएपछि
संशवको कालो आकाशमुनि
यहाँ म एक्लै एक्लै
कि मैले फेरि युद्धलाई शुरू गर्नुछ
एक अर्कै स्तरमा ।

*(साभार : सपना कति विपना कति कविता सङ्ग्रहबाट)*

# हो, साँचो हो, यी हत्केलाहरूमा अब प्राण रहेन



– गिर्मी शेर्पा

आज मैले फेरि आफ्नै हत्केलालाई
आफै खेलाएर हेरें
काउकुतीका तरङ्गहरू, लहरहरू थिएनन्
त्यहीं स्पर्शको पार्श्वध्वनि समेत त्यहीँ थिएन
मेरो शीररका रौंहरू
मेरो आँखीभौंहरू जुरूक्क उठ्नखोजे,
अनि भन्नखोजे,
ब्यर्थे मोहित हुनु केही नहुनु थियो
यो मेरो आसक्ति-अक्षम्य अपराध थियो
तिमी त पत्थरको मूर्ति रहेछौ
चिसोपन नै तिम्रो जीवन रहेछ
मूर्दापन नै तिम्रो जीवन रहेछ-तिम्रो खुशी रहेछ
मेरो आकांक्षा र रहरहरूलाई
बुझ्न नचाहने तिम्रा इच्छाहरू
तिम्रो चिसो हातले मलाई छोएपछि-
मैले बुझें- तिमी मलाई तिम्रो मूर्दापनको
कोसेली दिंदैछ्यौ
मेरो मृत्युको रहर गर तिमी म खुशी हुन्छु बरू
ब्यसरी तिमी बाँच पत्थर भएर
म त्यसै बिलाइदिन्छु बरू
*(सिक्किम)*

# कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको



– गुमानसिँह चामलिङ

हो, महाकालको अनन्तता पनि सम्झाउँदै
यहाँ फेरि अहिले घण्टी लाग्यो :
महाकाशको असीमता पनि बिर्साउँदै
झुण्झ्याइएको तर्लङ्ग त्यहाँ फाटकमा
विकृत भइसकेको घाइते (आफ्नै प्रतिरूप)

त्यो पारिएको फलामे घण्टीलाई
तर नपारिएको खुकुरीले सन्तरीको
सबभन्दा धेरै प्रहार पऱ्यो,अनि त सँगसँगै
यो रातको निस्तब्धता एकाएक कहाली उठ्यो
टङ् टङ... टङ् टङ...बाह्र ! (यो आधारातमा)
बल्ल एक दिन काटियो।
बेस भयो! यहाँ तर,
जीवन फाटकको त्यो पारिएको फलामे घण्टी नै हो,
तलङ्ग विकृत र कठोर घाइते अचानो;
अनि समय काटिइने यही थोक !
यो कारागार न हो,
अनि राखिएको छु म भित्र ।
यो साँधमा तेर्सिन पुऱ्याइएछु
कस्तरी म, हिजो र आजको!
जो छु हिजो छँदैछ, जो हुनेछु आज हुन्यैछ
नभन्दै बाँच्नु छ यहाँ वर्तमानमा
बेह्रिएर आफ्नै तन्तुले कोया आफूलाई लार्वा तुल्याएर,
वा महाकालको यो अथाह पोखरीमा चक्राकार तरङ्ग
साँध यो बनाएर म तैन्तलास
सापेक्ष्यको कुरो न जो,
मैले कहिल्यै बुझ्न पचाएको छैन
मेरो हिजो मेरो, आफ्नै थियो
(इतिहासको पहुँच भएदेखि यसो)
भए पनि पसीना, आँसु र रगतको :
यो पसीना धरतीको सीताको,
यो आँसु प्राणीको गौतम बुद्धको,
यो रगत मनुष्यको भीमसेन थापाको;
नितान्त मानवीय!
तर हो कि चरम ट्रेजेडी यो संसारको ?
कस्तै साँधले पनि छेकारो हाल्न नसकेको मेरो हिजो
तर स्वयं आज साँध बनेर म बीच भएर
(फाटकको त्यो पारिएको फलामे घण्टीमा)
यसरी तेसिन पुऱ्याइएछु ।
यो साँधमा तेसिन पुऱ्याइएछु-
ज्ञान अनि अज्ञानको,, सत्य अनि मिथ्याको.

जन्म अनि मृत्युको, यो जीवनको!
(कुनचाहिँ हो कुन्नि यस्तो आधारातमा पनि
सोर खोलेर कति ढुक्कै गाइरहेछ
"दार्जेलिङको दार्जेलिङको सीमाना बताउँछु म,
पूर्व-पश्चिम, उत्तर-दक्खिन सीमाना बताउँछु म !"
गीतले भन्दैछ -
तँ सानो हुँदा स्कूलमा गाएको यो
अहिले मै तँलाई गाइरहेछु !, हो, मेरो हिजो
उब्रिएको होइन जागटी हो
साँचिएको हो उपलब्धि यो
नभई नहुने जो पछिलाई पनि
(-----यो आजलाई अनि अहिलेलाई)
बासी त हुने नै भयो,
परिरक्षित छ तर यो पूर्णतया
पिरामिडको डब्बामा राखिएका ममी में
यो मानव-संस्कृति !
आमाको दूध दुहेर तुल्याइएको कन्डेन्स्ड मिल्क
यहाँ जस्तो भए पनि खान्छु
जबकि मै भतेर म खान्छु
मेरो लागि अरूले त्यस्तरी खाइदिएर हुन्छ कतै ?
दह्रो आँत जे भए पनि मैले पार्नु छ
दह्रो मुटु, हर्दम -
लड्नु यी लड़ाई, लड़ाई यी जित्नु
जित्नु यी बाँच्नु, हुनुको लड़ाई
नहुनुको बिरूद्ध, विरूद्धदेखि बच्नु
तर्किनु मात्र, नहुनु भएर पनि
अनि बच्नु केवल -नबाँच्नु
टार्न खोज्नु खालि यहाँ मृत्युलाई पनि !
नपाइने छ यहाँ के?
निहुँ नै कारण,
विना कारण पनि कारण
मात्र कार्य होइन,
म नै एउटा कारण।
म नै एउटा निहुँ -
सर्वत्र खोजिएको, खोजिरहेको, खोजिइने

म स्वयं मित्र आफ्नै शत्रु
स्वयं शुभ अशुभको, अशुभ शुभको;
अकारण कार्यको, अकार्य कारणको।
विकासको क्रममा यो युद्ध !
अड़ेको निहित मर्मस्थलमा
धर्मसंस्थापनार्थ स्वयं श्रीकृष्णद्वारा
निरस्त्र कर्णमाथि शस्त्र म
कस्तरी चलाउन लाइएछु !
विकासको क्रममा यो म्युटेशन !
मुक्तः परमाणु ऊर्जाबाट उत्पन्न
विकिरणहरू यिनैद्वारा
मेरो आज अपहरणको लागि
यस्तरी प्रयोग गराइएछु !
मेरो आज
मेरो आफ्नै छैन
म यहीं छु र पनि यहीं म छैन,
मेरा सबै छन् र पनि मेरो कोही छैन,
मेरा सबै थोक छन् र पनि मेरो केही छैन,
म सबैको लागि छ र पनि म कसैको लागि छैन,
सबै मेरा लागि छन् र पनि मेरो लागि कोही छैन,
म छ र पनि म छैन !
म छैन ?
साँच्चै मेरो म-को यहाँ अस्तित्वै छैन
अपहृत मेरो आज अनि अनिंदो अनुहार लिएर
नितान्त असहाय म
यस्तरी एक्लिन पुऱ्याइएछु ।
यो साँधमा तेर्सिन पुऱ्याइएछु
कस्तरी म
अघि र अहिलेको!
यहाँ तर,
विना फाटकको त्यो पारिएको फलामे घण्टी नै हो,
तर्लङ्ग, विकृत र कठोर घाइते अचानो,
अनि समय काटिइने यही थोक !
यो कारागार न हो,
अनि राखिएको छु म भित्र ।

अब सुत्नु पनि पर्ला.....
रात म जस्ताको लागि सुतिदिनुलाई नै त हो!
जुत्ता भए पनि विचार फुकालेर पर ओछयान पर्स्थैं,
छट्पटिएर हुन्छ यहाँ कतै ?
मस्त निदाउन, सुखद सपना देख्नै पर्छ सुत्दा
भन्ने पनि के छ !
मैले त यहाँ सपनामा
आफ्नै लाशलाई काँध लाएर श्मशान-घाटमा
आगो समेत लगाइदिएको छ,
आफ्नै दिवंगत आत्माको शान्तिको लागि
मौनता धारण गरिसकेको छु
(लम्बिन्छ' रे यो आयु !)
सपनामा मैले सपने पनि देखेको छु,
कति त ब्यूँझनासाथै बिर्सिपठाएको छु
विपनै भोगिरहेछु यहाँ ट्रेजेडी जीवनको :
सताउँछ हर्दम आफैँले
खुच्चिउँ मच्चाउँछु,
अनि जाइलाग्छु आफैँमाथि
जुन नाटकको प्रोततागोनिष्ट अर्को को हुन्छ?
आफ्नो आफे होइन्छ !
जीवनको त्रास र मृत्युको आशमा पनि
हमर्तिआ म---
लड्नु यी लड़ाई
लड़ाई यी जित्नु,
जित्नु यी बाँच्नु,
थिएँ, छु-ले नपुग्नु,
हुनेछु-का निमित्त ।
अनि त जाग्रतावस्था वा स्वप्नावस्थाभन्दा
पनि उच्चावस्थामा
दुर्घटना होला भयङ्कर वा हत्या होला भयानक
अनि होला पनि गर्भपात यहाँ कति प्रेक्षकको
(जान्दाजान्दै पनि तमाशा
सम्झने गर्भिणी भएर पनि)
अरू के होला, ऐठन त होला वा स्वप्नदोष !
बस मैले सुतिदिनुछ,

आउँदो बिहानीलाई त यहाँ
निदाएरै कुरिदिनुपर्छ;
यो अनिँदो अनुहार लिएर कसरी स्वागत गर्ने मैले ?
---"असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय ।"
तर मात्र यही पुनरावृत्ति हो भने
त्यो बिहानी कहिल्यै नहोस्,
बरू मेरो भोलि कहिल्यै नहोस् !
त्यो भोलि पनि --
चुँडालिनु आजदेखि,
स्वीकार गरिदिनु सबै थोक,
अनि हुनु केवल स्थिति-अनुकूल
मात्र गृहीत भइदिनु यहाँ यो जीवन ?
लिएर यही --
अपहृत आज अनि अनिँदो अनुहार
ग्रहण गरिदिनु त्यो अन्तिम फैसला
--- यहाँ मृत्यु-दण्ड
यो कारागार न हो,
अनि राखिएको छु म भित्र
मेरो आज
मेरो आफ्नै छैन यहाँ
कस्तरी अपहृत छ यो,
अनि बुझाउन मेरै मूल्यहरू जीवनका
चाप परिरहेछन् यस्तरी ममाथि
खोसिएका छन् यहाँ सबै मेरा
-- मौलिक अधिकारहरू धरि।
सिजोफेनिआग्रस्त अहो यो आपत्काल !
यो साँधमा तेर्सिन पुयाइएछु --
न्याय अनि अन्यायको,
समानता अनि असमानताको,
जन्म अनि मृत्युको,
यो संसारको!
शून्यता यो कहाली उठ्छ
गुहार ! .. ...
लेसे फेयर ! लेसे फेयर !! लेसे फेयर !!!
अहँ, थुर्रिंदैन कहीँ,

सुनिदैन कसैलाई
अनि त यो निष्पट्ट अन्धकारमा
(म यीः राम्रै थाहा पाइरहेछ)
खुल्ला बलात्कार हरे,
न्याय र अधिकारको कानूनद्वारै !
थमाइदेऊ मलाई,
मान्छे भएर यहाँ जन्मेको सजायको
एउटा भुत्ते नै भए पनि खुकुरी,
सहन सक्दछु म आत्महत्या रेटेर,
अँह, तर सहन सक्दिनँ यो
म खप्न सक्दिनँ मौनता यो -
---कमसे कम भाषाको,
व्यक्त नभई रहन सक्दिनँ
---कमसे कम यी अक्षरमा !
बैना मारेको हो यो मेरो आज
(जो अपहृत छ तर मैबाट)
समयलाई हिजोले,
प्रतिष्ठापित गरिन यहाँ
---समानाधिकार, न्याय र सत्यलाई साँचोरूपमा
अनि कत्रो अनिकाल पर्न गएको छ जसको!
जो पुयाउनै सकेन यो हाम्रो दैवले,
उफः, कति काटिरहने त्यही बाली
---यहाँ यातना र पीड़ाको !
अब मान्छेले आफैँ ऊबाट खोसेर लिन सक्नुपर्दछ, -
नत्र चोरेरे होस् सही
---प्रमेथिअसले आगो जस्तै
आगो : न्याय
---अन्तिम परीक्षा!
न्याय डढ्दैन है ज्वालाले यहाँ
---सीता जस्तै,
तर मर्नचाहिँ भने सक्छ
-- सती जस्तै;
अनि त ताण्डव-नृत्य हुनैपर्दछ यहाँ
त्यो हलाहल पिउने शिवको
(डिम् डिम्, डिम् डिम..)
---"शिवोऽह' शिवोह !" .

*(साभार कारागारभित्र प्रतिक्षा र अन्य कवितासङ्ग्रहबाट)*

# बल्लभ दाइ ! तपाईभन्दा म धेरै अभागी छु



– जीवन थिङ

(एक)
मेरो घाइते सडकबाट हिंडेर
समग्र युगले आगो बालेर
मेरो छातीमा पैह्रो धस्काइरहेछ
मेरा आँखाहरू उदाङ्गो पारिरहेछ
र मेरा चेतनालाई थुकिरहेछ.......
मेरो कथा बनेका दिन जस्तो पुरानो
अनुहार च्यातेर म कति दिन बाँच्नु
आफ्नै रगतलाई ढाँटेर म
यस हुरी-बतासमा कसरी बाँच्नु
मेरो प्रत्येक उषाको घामले डराएको आङ र टाउकोका केशहरू
गरेन यो सन्निपात भएका दिनहरू कसरी काट्नु.........
तर म उदाङ्गो भएर देखाउन सक्तिनँ
म मेरा ओठ खोलेर भन्न सक्तिन,
मेरो छाती फब्लेटासितै मेरो आत्मा र चित्तलाई पनि,
कसैले किनेर लाने प्रयास भएको छ
भट्टी पसलबाट रक्सीका प्यालाहरूसितै साँचो हो,
मेरो खोलाको शीतल पानीसितै मेरो रगत पनि
यहाँ बिक्री भएको छ–
यस्तै लाग्छ अब (विश्वास.अविश्वासमा)
त्यसैले भन्न सकूँ लाग्छ मलाई विवश बनेर रोएको देख्दा
हाँस्ने राक्षसहरू
बिन्ती ! फेरि मलाई किन रोएको भनेर नसोध !

(दुई)
आफ्नै आमाको स्तनपान गरेका तिम्रा ओठहरूको कसम खएर
आफ्नै देउरालीमा सुसेलेका त्यो लैबरीको संझना राखेर
मलाई भनिदेऊ, तिम्रा हातका रेखाहरू कति झूटा छन्

किनकि मलाई लाग्छ तिम्री आमाको आत्मा प्रेतात्मा भएर
सधैं तर्साइरहेछ तिमीलाई
बिहान भालेको डाकसम्म.सपनाले खेदेर
अब फेरि यहाँ प्रत्येक बसन्तका फूलहरू फुल्नेछन्
शीतका आँसु रूँदै डाको छाडेर

(**तीन**)
किनकि हावाले रोएर पनि बुझेको छ,
तिमी बदलिएको, तिनी बद्लिएको
अब यो पहाडले सधैं तिरस्कार गर्छ मलाई,
तिरस्कार गर्छ तिमीलाई
गुरू मारिदिएको प्लेटो भएको रहेछ यो पहाड
आमा मारिदिएको बालक भएर भित्रभित्रै कहालिरहेछ यो पहाड
निश्चय हिजोसम्म उसको यस्तो दर्शन थिएन
हिजोको यो उसको दर्शन होइन
कसरी दार्शनिक जस्तो भएर बसेको छ यो पहाड
सुकरातले झैं विषप्याला पिउन तयार छ यो पहाड
निश्चय यो उसको आत्महत्या हुँदै जब जब म यी पहाडहरू हेर्छु
मलाई टिठ लाग्छ आफैलाई कि कसरी मैले
यहाँ अभिनय गर्नुपर्छ हाँसेको- बाँचेको
हो, मेरो पेट भरिदिन्छ भनेर सबैले भन्छन्
अनि म जब विवश बनेर हेर्छु ती रूखा अनुहारहरू
जब म सुन्छु ती झूटा आश्वासनहरू
मलाई घिन लागेर आउँछ.यी सहवासहरूसित
निसास्सिए जस्तो लाग्छ आफ्नै चिसा बतासहरूसित

(**चार**)
मेरो दोस्रो जन्ममा मलाई बधाई दिने हातहरू
मलाई यन्त्रणापूर्ण घाउहरू भएर चिमोटेका छन्
मलाई यस युगले थुकेर, मेरा नसालाई लुछेको छ
कहिलेकाहीं कंचनजङ्घामा चढेर चिच्याउन मन लाग्छ
मेरो बदला यी तिरस्कारहरू तिमीहरूले सहनुपर्छ
मेरो बदला यी अट्टहासहरू तिमीहरूले स्वीकार्नुपर्छ
मेरो बदला यी उपहासहरू तिमीहरूले सुन्नुपर्छ

आगोका मुस्ला बग्ने नदीहरूमा अनुहार चोबल्नुपर्छ
मलाई पोल्छ डढेलो सल्केर पहाडमा
साथीहरू म एकपल्ट नमरी मरेको छु
र अब नयाँ जीवन लिएर जन्मेको छु
ईर्ष्या र स्वार्थीका घिन लाग्दा हुंकारको शुक्राणुबाट
संहार र संकटको पाठेघरमा धेरै बेर उसिनिएर
यो शहरले मलाई, मेरो दोस्रो जन्ममा
मौन सलाम गरे झैँ लाग्दछ
कस्तो जन्म यो कस्तो संसारमा
जसका स्थितिहरू, जहाँका परिस्थितिहरू
बालुवाका पाइले छाप जस्तै धमिला थिए ।
मेरो घरमा कहिल्यै पनि
मैले संतोषको सास लिन सकिनँ
जहाँ मैले कहिल्यै पनि,आफ्नै बतास लिन सकिनँ
उभिएर पर्खालमाथि,मैले मेरो हिमाल हेर्न पाइनँ
मैले मेरो हिमाल देख्न सकिनँ ।

(**पाँच**)
अब त हिमालको पनि मृत्यु भइसकेको छ
टिस्टा र रंगीतको पानी रित्तिइसकेको छ
मेरो छातिमा मेरो मृत्यु पोतिइसकेको छ
मानौँ मैले साँझै पिच्छे पिउने गरेको भट्टीपसलबाट
रक्सीका ताता प्यालाहरू होइनन्
रगतका राता प्याला पिएको छु
आफ्नै परिचितहरूको रगत पिएको छु
आफन्तै आफन्तको लाशका ताँती भुलेर
सिमानाको रेखालाई बन्धक राखेको छु
कल्वरीको डाँडा जस्तो देशमा
मैले रगत पोखाउन पाइनँ
तरै पनि जिन्दगी सिपसिप भइदाएको छ
त्यति हो,म क्रुसिफाइ हुन सकिनँ ।

(**छ**)
तिमीहरू वीर

अब क्यानभासमा देशका सीमा लेख्दै जाओ
तिम्रो सुविधाले भ्याए जति
तिम्रो फुर्सदले भ्याए जति
जथाभावी सीमा कोर्दै जाओ
जतासुकै सीमा बडाउँदै लैजाओ
तर विनय छ  मेरो विन्ति छ तिमीहरूलाई
कि मेरो मुहारभरिभरि मोसो पोतिदेओ
अनि म लुक्न सकूँ, म आफैलाई लुकाउन सकूँ
र कुनै दिन साझा पुस्तक पसलअघि भेट्न सके
सुटुक्कै भन्न सकूँ -
वल्लभदाइ तपाईभन्दा म धेरै नै अभागी छु
तिम्रो छातीमा आमाले आत्महत्या गरेको देश छ
रून्नलाई आँखामा मेची र काली छन्
पुछ्नलाई रगत लागेको खुकुरी छ
मेरो निम्ति चोट लागेको इतिहासबाहेक अरू केही छैन
मुटु फुटाउने उपहासबाहेक अरू केहि छैन ।

(**सात**)
अब मेरा उठ्न लागेका हातहरूमा
विषालु सर्पहरू मात्र सलबलाउँछन्
मलाई डस्न लिपलिप आफ्ना जिब्रा निकाल्छन्
तब भन्नुहोस् वल्लभदाइ !
तपाईकी आमाको रगतले लटपटिएको इतिहासमा
तपाई आफ्नु अनुहार हेर्नुहुन्छ
मैले डुबाइसकेको इतिहासमा
म मेरो रगत चिन्न सक्दिनँ
अनि जब म मेरो इतिहास खोज्छु
मेरा आँखामा म प्रकाशहीन हुन्छु
मेरा दाँतहरू फुक्लन्छन्
मेरा हातहरू काटिन्छन्
र मेरा डुँडे हाच आकाशमा कीला भएर ठोकिइन्छन्
र म बाट निष्कासित मेरै कथा त्यहाँ झुण्ड्याइन्छन् ।
*(साभार म वेथलहम सहरको हिप्पोपोटामस कवितासङ्ग्रहबाट)*

# आत्महत्या गर्ने फुर्सतै छैन




**– जीवन नामदुङ**

आफ्नै अधिकारको सिङ्गो मृत्यु त
मर्न भ्याइइएको छैन भने
आत्महत्या गर्ने त फुर्सतै छैन
अफिस धाउँदा-धाउँदा
बिचरा मेरो कोट र प्यान्ट
आज साह्रै थाकेको छु
होस्, विश्राम गरोस् आज त एकदिन
भोलिदेखि दोहोरिन्छ फेरि
निरन्तरताको दोस्रो नाम
जीवनभर मेरै सेवामा बिताएर पनि
अवकाशका अल्छीलाग्दा दिनहरूमा
'ह्याङ्गर' मा क्रुसिफाई सहिदका आँखाले
मलाई अझै गिज्याइरहेका छन्
विश्वयुद्धको जर्सी भए पनि
यसको ऐतिहासिक मूल्य हुने थियो
बुलेटका हस्ताक्षरहरू भए पनि
सङ्ग्रहालयमा यो सजिने थियो
मेरो उमेरका चोटहरू बरू
टाँगिएका छन् यहाँ कोटहरू भएर
कतिपल्ट हातबिनाको बाहुलामात्र
अफिस गएकोछ यो कोटसित
कतिपल्ट प्यान्टका मोहरीमात्र
हिँडेका छन् मेरो जुत्ताहरूसित
हातहरू पनि छन् उसका बन्धकी
बसिसकेकाखुट्टाहरू पनि छन्,
तर साङ्लीमा बाँधिएका
कानहरू छन् तर आदेश पर्खिरहेका
आँखाहरू छन् सधैं-सधैं तर्सिरहेका
आवाजहरू पनि छन्, तर पिंजडाभरिका
साङ्लीमुक्त हिँडून् जुत्ताहरू पनि
बिचरा सडकमा केही क्षण
पिंजडामुक्त आत्महत्या गरून्
मेरै पर्याय यी कोटहरूले
अल्छीलाग्दो अवकाशको

*(सालबारी, दार्जिलिङ)*

# असीमको सीमा



**– दान खालिङ**

असीमका हौ सीमा मेरा !
म ता तिमीमा पाउँछु सारा !
तिमीविना सुक्छ, सुक्छ मर्छ
मेरो प्यारो जीवनधारा
कति कति परिचय, कति कति
आशा होला मधुरो, रहला मधुरो,
तिम्रो परिचय-आशा माया
यो जीवनमा सँधै उज्यालो

मस्तै सुत्छ जब मस्त विश्व
निविड अँधेरी नीरव हुन्छ
बली निस्कन्छन् अङ्सख्य तारा,
मेरो मनको वीणा बज्छ
तिम्रो माया गाउँछ गीत
म भावनाको रहन्छु बीच
मनमा जब जग अटाउँदैन
छाती-माथ-मुटु फुट्न खोज्छ
दशै दिशामा हुन्छ तरङ्ग
प्राण तिमीमा उडेर पुग्छ
निहित तिमीमा मेरो सारा
विश्राम-शान्ति-धेरै-सहारा
प्रभात-सन्ध्या-शरत्वसन्त
गाउँछन् सुन्छु तिनं गान

हिउँद-वर्षा-दिउँसो-राति
मौनस्वर, तीव्र अविरल गान,
अविरल अविरल तिम्रो माया
अन्तर-स्पन्दनमा सुनिबन्धु
भुल्नै सक्तिन म तिमीलाई,
भित्रैदेखिन् भरिन्छ चक्षु
एकान्तमा र वन-जंगलमा
रून्छु तिमी भनी म हृदयमा
तिम्रो पुकार म सुनिरहेछु
कर्म-शयनमा धीमा धीमा
फूल फलमा तिमी हाँस जाग,
असीमका हे मेरा सीमा

*(साभार- शारदा, फाल्गुण २०११)*
*(सिलीगुढी)*

# सेनानीको मृत्यु शोकमा



**– नरेन्द्रप्रसाद कुमाई**

गोर्खा - अम्बरका नव
नेता हाम्रा अतिशय प्यारा
दु:खमा सुखमा अरू आपदमा
तिमी नै सबका एक साहारा
हाम्रा आशा औ अभिलाषा, पारी सारा चकनाचूर
टुहुरो पारी गोर्खा सन्तति भाग्यौ एक्लै आज सुदूर
कुसुमित जीवन, प्रमुदित यो मन
निर्धन गोर्खालीको गर्थ्यौ,
संकट हर्थ्यौ, सुख तिमी भर्थ्यौ
परहित गर्न नित अघि सर्थ्यौ
दुः ख सुखको अह! जीवन साथीमाथि मृत्यु कसरी आयो
निर्मल, शान्त भाग्याकाशमा हठात् बदली कसरी छायो ! !
तीस लाखको हत् तंत्रीमा
झंकृत पार्दै मधुरम ताना
हिजै मात्र त तिमीले गायौ
जादूमय यो प्रेम तराना

मधुमय - सुखमय जीवन वनको
बन्द भयो अब कोकिल गाना
रून्चे स्वरमा विरही न्याहुल
विरह कहानी बोल्दछ नाना
किसलय दलमा, नव सुषमामा
मंजु मुनाको मृदु मरमरमा
शशिको शीतल स्निग्ध सुधामा
सन्धया हवाको अति सरसरमा
कोकिल त्यो मादक 'कुहू' मा आरूढ भैकन मधु रितु आयो
किन्त गोर्खा जगतीतलमा हिमरितुको पो राज्यो जमायो
सिवाय ईश्वर सारा नश्वर
गुरूजनको भो साँचो सम्मति
जीवनको सब हाँसो रोदन
बन्द गरायौ निर्मम नियति
जानु- आउनु, आउनु जानु नित्य पुरातन द्वन्द्ध झमेला
आयो कोही न कोही जान्छ केवल विधिको
खोक्रो खेलाजीवन सपना मृत्यु विपना
यो विपना हो केवल सपना
कर्त्ता यौटा सारा थपना
मित्थ्या मपना साँचो जपना
जीवात्माको गोप्य कुरा यो, तिमीकन कसले आज जतायो ?
मित्थ्या जगमा साँचो जगको कसले तिमीकन भेद बतायो ?
दुर्गम पथको लामो यात्रा
बिचरा थाके धेर ढिलाए
नवोदित सूर्य साँझ नपर्दै
व्योम बीचैमा आज बिलाए ।
क्वाँ क्वाँ गर्दै डाको छाडी रोई फेरि काली रजनी
विरह व्याथाको राँको बाली,
खोज्छ वियोग चकोर 'सजनी' !!
तडपी तडपी जसरी मर्छ
मणिबिनु गोमन जलबिनु माछा
रोई रोई जसरी गल्छ
माऊ बिनाको दुखिया बाछो
त्यसरी तिमीबिनु आज समाज जाति नजाती मानी रून्छ
तममय पथको उज्जवल दीपक नहुँदा जनता अन्धा हुन्छ

गहिरो सागर दूर किनारा
भन्दछ जनता 'तार न तार '
लहराघातको ताँती बार
तैपनि जानै पर्ने पार
थोत्रो नौका प्रतिकूल मौका,
सम्मुख कालो भीषण आँधी
देखोस् कसरी यो सब ताण्डव,
तिम्रो निश्चल मौन समाधि ?
*(साभार गोर्खा पत्रिका)*


# आत्मसात्



– **नरेशचन्द्र खाती**

आऊ मलाई तिमीभित्र अनुवाद गर
तिम्रो शब्द तिम्रो भाषा तिम्रो मस्तिष्क र
तिम्रो हृदयमा अनुवाद गर .
भौतिक अभीष्ट जति यौन अतृप्त जति
अप्राकृतिक वीर्यपात जति
सबै दुष्कर पातहरूमा छोप्दै
यो असह्य विश्व-यातनाबाट मलाई उठाऊ
मेरो सानो आँखीझ्याल ढेप्नुअगावै
तिम्रो त्यो व्यापक, विशाल र विस्तीर्ण
स्नेहको वक्षमा, सौन्दर्यको वक्षमा
केही आराम देऊ, यो थकित आकांक्षा
भौतिक शरीर लिएर, म तिमीतिरै बढिरहेछु
तिम्रा अँगालाहरू खोल्दै जाऊन्
हृदयको न्याय गर
मानवको हृदय फूलभन्दा पनि
कमजोर आयु लिएर बाँचेको छ
बरू यो जीर्ण आत्मामा आएर
तिम्रो पैतालाले टेक टेक, प्रलय होस्
तिम्रो र मेरो नयाँ प्रारम्भको
तिम्रो र मेरो आत्मसातको
*(सिलगुडी)*

# स्थिति



– नव सापकोटा

तिमी गएदेखि–
सहरका बत्तीहरू
धमिलिएर निभ्दै बल्ने गर्छन्,
बतासका झोक्काहरू मेरा कानमा
एउटा अस्पष्ट भाषामा के–के
साउती गर्छन्मदेखि धेरै माथि
अग्लिएको आकाशको आयतनभित्र
जून अल्लरी-अल्लरी टहल्ने गर्छ;
म कल्पनामा आफ्ना दुवैहत्केलाले
तिम्रो अनुहार समाती मेरा
आँखाभित्र नियाल्ने प्रयत्न गर्छु
कि महत्तम प्रेमको भाकलको
सम्झनाले तर्साउँछ,
कहिले कतै कसैले
त्यो प्रार्थना सुनिदिए
कहिले कतै कसैले
त्यो वन्दना थाहा पाए
आस्था र विश्वासको तार छिन्नेछ
यद्यपि घामलाई साक्षी
राखी खाएको कसम
जुवाडेले हारेको बाजीजस्तो हुँदै होइन
जो एक बाजी जित्न हजार बाजी हार्छ,
युद्धभूमिमा घाइते सिपाहीले पाएको
वीरताको तक्माजस्तो पनि होइन प्रिय
जुन सन्दुसभित्र बन्द रहन्छ जीवन्तसम्म
हो, ईश्वर एउटै छ– प्रेम एउटै छ,
त्यो अनन्त, अमर र सत्य छ,
कि सत्यलाई हामीले स्वीकार गर्नुपर्छ,
ईश्वर निराकार छ भन्ने जान्दाजान्दै
हामी इन्साफदेखि डराउँछौँ
फूल-प्रसाद-भेटी चढाउने गर्छौं

मृत्यु जीवन्त नहोस् भन्न खातिर
हामी ढुङ्गामा देवत्व प्राप्त गर्छौं
त्यसैलाई चढाएको फूल प्रेम हो
सम्भवतः हामी त्यसैमा केही पाउने गर्छौं,
सम्भवतः हामी त्यसैमा बाँच्न खोज्छौँ !!

*(गुवाहटी, आसाम)*

# सपना एउटा



**– निर्मल सिन्चुरी**

हातहरू दुवै पसारी
विथुवनको प्यानोमा
सेता काला छाताहरूओडदै
मोजार्टका धुनहरूलेनुहाउँदै
शहरका महलहरू मस्त झुमे
उ वेला थियो /त्यो बेला
यसबेला यहाँ
भारतमुणि सरोदको तारहरूमा
औंलाहरू नचाँउदै
नृत्यनाट्यम केलाउँदै
रोपेर विरूवाभरतनाट्यम,
कथक, कथकली, ओडिसी,
मनिपुडी,
कुचिपुडी,मोहिनीयातम, सात्रीय
फल फलाइरहेथे
शङ्गार, रौद्र, विभत्स, वीर,
शान्त,हाँस्य, करूणा, भयानक,
अद्भूत,रस भरिरहेथे
ठीक त्यसैबेला
झर्दैथे एक एक गरी
बर्लीन पर्खालका पत्थरहरू
पश्चिम पूर्वतिर घस्रँदै
अकाल भतभति पोलिरहेथ्यो
बंगाल/बिहार पेटमा
युनियनज्याक समुद्र कुदिरहेथ्यो
नीलको खेतमात्यही बेला
पहाडको चोटि चुहेर
भिजाइरहेथ्यो यो धरती
मेरै पुर्वजको रगतले
हो हराएका थिए त्यो बेला नै
रने,धने, धनमती, फुलमती
एक एक गरी यही माटाबाट
धुलाका कणहरूमा, हावामा,
पानीका बुँदाहरूमा नभमा,
छन् कि तिनीहरू यतैकतै?
खोज्दैछु म मरी गए म खोज्दा खोज्दै
खोजीरहेकै हुनेछ मेरो
आत्माले तिनीहरूलाई
जुन बेला भेटिन्छ
मोजार्ट/विथुवन
भरतमुणि मेरा आँगन
एकैसाथ नाँच्नेछन्
मेरै भाका भाक्नेछन्
मेरै लय गाउनेछन्,
अनि फुलाउने छन्
एउटा नयाँ सिम्फोनी ।

*(सालबारी दार्जिलिङ)*

# अनन्त भोक



– नैना अधिकारी

धर्तीलाई गहिरो निद्राबाट ब्युँझाएर
ब्युँझन्छ माटाको चुलो
अदृश्य खुड्किलाबाट ओर्लदै आउँछ
बहुआयामिक भोक
धेरै अनुहार देखाउँदै, स्वतन्त्रताअघि
स्वतन्त्रताको भोक थियो, पाए पछि
गाँस, बास र कपासको भोक झाँगियो
भोक बस्ने आपट्टे जङ्गल बन्यो
हजारौँ- लाखौँ कोमल र खस्रा हातहरूले
फरूवा चलाए, पसिना चुहाए
बाली उमारे, अनि
एक गाँस जाउलाका लागि, भोकभोकै सुते
स्वतन्त्रताका कथा सुन्दै
मिल र कारखानाहरू उभिए, अनगिन्ती,
बादल फाट्यो आकाशबाट,
जसले कपडा बनायो
भोलिदेखि उही नाङ्गो रह्यो
मुर्दा ढाक्ने कात्राको लागि हाहाकार भयो
हो त !
रूखका बोक्रा र जनावरको छालाले लाज ढाक्ने मानिस
विकासको चरम चुलीमा पुग्यो
आविष्कार गऱ्यो अत्याधुनिक कपडा
अनि सभ्यताको उत्कृष्टता देखाउँदै
फेरि कपडा फ्याँक्यो, फेरि नाङ्गियो
एकातिर संस्कृतिको भोक जन्मायो
अर्कातिर नारीलाई विज्ञापनको नाङ्गो दुनियाँमा ठेलिदियो
नयाँ भोकले
अब लाजले लज्जित भएर कहाँ नाक लुकाओस्!
घरै घर बनिए, घरमाथि घर
धेरै पहाड ढले, नाङ्गिए, तर,
भोक घटेन, झन् तीव्र हुँदै गयो
आकाश छोयो मानसिक भोकले
युगदेखि टाढा थियौँ हामी

अघि बढ्यौँ, बढिरह्यौ
अघि बढ्ने भोकले हामीलाई
उभ्याइदियो वैश्वीकरणको त्यो पहाडमा
जहाँबाट भोकका रासै रास देखिन्छन्
धर्मको भोक जाग्यो, कट्टरता जन्मायो
बालीनालीका ठाउँमा
बम र बन्दुकहरू फलाउन थाल्यो
कुल देउतालाई साक्षी राखेर
अरूलाई झटारो हान्यो
काँचको घरभित्रबाट
आतङ्कवादको वर्षा सुरू भयो
हेरिएन, को दोषी,को निर्दोष
आयो आधुनिकताको भोक
सबै हद नाघेर
संवेदनशीलताको अन्त्य नै गरिदियो
मनोरञ्जनको, सूचनाको, ग्लेमरको
फेसनको,मोबाइलको, तकनीकको
हर वस्तुको भोक, निजी भोक,
सामाजिक भोक,, क्षेत्रीय भोक,
जातीय भोक, वैश्विक भोक
हो त, हामी वैश्विक भयौँ
भारतमा नुहाएर
अमेरिकामा केश सुकाउने
वैश्वीकरणको यो भोकले
मान्छेको विचारलाई बिस्तारै निल्न थाल्यो
संवेदनशीलताको अन्त्यले
यो भोकलाई झन् बढायो
आज हामी यति धेरै भोकाएका छौँ कि
गान्धीको त्यो कथनलाई पनि बिर्सिन लागेछौः
"जिउनका लागि खाओ, खानका लागि होइन"
यो भोक समय समयमा आइरहन्छ
आफूलाई तृप्त पार्नका लागि
कतिको बालापन, इज्जत र स्वाभिमान छिन्छ
भोक चाहे जेको पनि नहोस् किन
मृत्युभन्दा पहिले शान्त हुँदैन
चलमलाइरहन्छ, तपाईंका अघि ।

*(असम)*

# अभियुक्त



– नोर्जाङ स्याङदेन

कुनै पनि ठूलो अपराधको दण्ड
मैले सश्रम कारावासको जन्मकैद दिइएको देखेको छु
कि अधिकभन्दा अधिक मृत्युदण्ड दिइएको देखेको छु
तर म अब एउटा नयाँदण्ड, एउटा महादण्ड
एउटा अभूतपूर्व दण्ड, त्यो पनि
मलाई दिइएको म देख्न चाहन्छु
सश्रम जन्मकैदको कारावास मलाई यथेष्ट छैन
कुनै प्रकारको मृत्युदण्ड सम्म पनि मलाई यथेष्ट छैन
एकपल्ट मारिएपछि अथवा एकपल्ट मरेपछि
फेरि कहिल्यै पनि म नहुनुपर्ने अवस्थाको दण्ड म चाहन्छु
मलाई अलिकति पनि बाँकी नराखिएको दण्ड म चाहन्छु
काट्न, जलाउन सक्दैन रे यो आत्मालाई
कुनै पनि शस्त्रले, कुनैपनि आगोले
बगाउन, सुकाउन सक्दैन रे यो आत्मालाई
कुनैपनि पानीले, कुनैपनि वायुले
बस, त्यस्तो आत्मामा फेरि मेरो कहिल्यै वास नहोस्
श्रीकृष्णले अर्जुनलाई दिएको पुनर्जन्मको
आश्वासन र आस पनि नहोस्
मलाई सांसारिक अथवा दैविक कुनै क्लेमेन्सी चाहिँदैन
त्यहाँ पुनः कुनै नव नहोस्, त्यहाँ पुनः कुनै भव नहोस्
बस, एकपल्टको मृत्युदण्डमा मारिएपछि
अथवा त्यो मृत्युदण्डमा एकपल्ट मरेपछि
फेरि त्यहाँ भइरहनुपर्ने
बाँचिरहनुपर्ने कुनै अवस्था नहोस्
फुटेपछि मुटुफाइरिङ स्क्वाइडमा
फेरि त्यहाँ भावना नहोस्
फोरिएपछि टाउको हात्तीको पाइलामुनि

फेरि त्यहाँ बुद्धि नहोस्
काटिएपछि घिच्रो गिलोटिनमा
फेरि त्यहाँ संसर्ग नहोस्
चुँडिएपछि नसो फाँसीको डोरीमा
फेरि त्यहाँ जीवनको अर्को पासो नहोस्
हो, म नयाँदण्ड चाहन्छु, म महादण्ड चाहन्छु
म अभूतपूर्व दण्ड चाहन्छु
मलाई नहुन नदिने यो आत्माको जन्जिर
तोडिएको देख्न चाहन्छु, म एकदमै नहुन चाहन्छु
यस्तो दण्ड दिन सक्ने सामर्थ्य तिम्रो दण्ड विधानमा छ के?
तिम्रा देवताहरूसित छ के?
तिम्रा ईश्वरहरूसित छ के?
मृत्युपछि मात्र होइन
यो जिउँदो जीवनकालमै दण्ड चाहन्छु
म सम्पूर्ण स्वतन्त्रता चाहन्छु
*(दार्जिलिङ)*

# म, तिमी, हामी



– **नोर्देन रुम्बा**

आकाश पुग्ने गोरेटो खोज्दै
सधैँ सधैँ म साँझमा रून्छु
झार्दै आँसु बलेसीमा, सँघारमा
यस्तरी सधैँ पिउन दिँदै समयलाई
मेरा जीवनका रमाइला क्षणहरू...म डराउँछु
डराउँछु : यी आपत्तिहरूदेखि व्यर्थका सधैँ
यी पहाडका चोटहरू, यी बादलहरूदेखि विश्वका
डराउँछु ! डराउँछु : यी माटाका साँग्लाहरू,
रगतका रेखाहरूदेखि सधैँ
डराउँछु :यी अनावश्यक, आवश्यकताहरूको थुप्रोदेखि सधैँ
डर सबलाई हुन्छ, चाहेर कोही डराउँदैनन्
खुशीले कोही डराउँदैनन्

म डराउँछु खुशीसित पनि- खुशी सधैँ परिहास हुन्छ !
परेलीको पसिनानै मेरो खुशीको सामग्री
हो बरू मेरो बाँच्ने इच्छा ।
म त्यहाँ सम्झन्छु, जुन तिमी सम्झन्छौ
मेरो जीवनले मलाई पनि माया गरेकै छ
मेरो जीवनको आस्था मप्रति छँदैछ आस्था
आस्था नै त हो, हो आस्थाको अर्ध्य चडाएर नै त
तिमीलाई आकाशमा सम्झेको छु,
तिमीलाई ममा सम्झेको छु ।
आस्था नै त हो मेरो जियाइ :
चौरस्ता जस्तै, एउटा सालिग जस्तो !
चौरस्ताभित्रको सालिग जस्तै !
घेरामा हालेर सधैँभरिको लागि
रमिता बनाएको छ मान्छेलाई संसारलाई मान्छेको
हराएको छ बिगारेर आकाशलाई मान्छेको
यो समय जस्तै छ। प्रत्येक मान्छेको समय यस्तै छ
एउटा कथा हो, यो एउटा समाप्तिको आरम्भ हो
समयको माया हुँदैन
खोलाको भरोसा हुँदैन
खोला सधैँ बग्छ त्यसको सीमा हुन्छ
मान्छे सधैँ बाँच्छ उसको मृत्यु हुन्छ
खोलाको सीमा र बगरका रेखाहरूले त बनाउन सक्यौँ
हामीले घरका नेपालहरू :
माया र भरोसाले नै ताप्न सके पड्काएर
मानिसकै आस्था मानिसले
हनोइका निहारहरूका आँसुका बाफहरू
मान्छेका रगतका रक्सीहरू :
हामी सबै छौँ जति छौँ, सबै छौँ
हारेर आफैदेखिन्,
हातका पसिनादेखि डराएर भागेका हामी
आँखाका भरोसा र मायादेखिन्
सपनाका महत्वाकांक्षादेखि ठगिएर आफैदेखिन् !!
*(साभार धुँवा वर्ष ४, पूर्णाङ्क ४८, नोभेम्बर १९६९)*

# ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दै



– पवन चामलिङ 'किरण'

ब्रह्मपुत्रको किनारैकिनार भएर
मेरा जिउँदा मान्छेका लासहरू बग्दै जाँदा रहेछन्,
पानीको वेगसँग पौडन नसकेर हो कि,
नाउ खियाउन नजानेर हो कि ।
मेरा मान्छेहरू सागरमा डुब्दै जाँदा रहेछन् ।
ब्रह्मपुत्रको पानीमा डुबेर मरेका मेरा मान्छेका लासहरू
छिमेकी गिद्ध, वनबिराला र स्यालहरूले
आपस्तमा बाझ्दै भोज लगाउँदा रहेछन्,
र आजकाल यस भेकमा
मेरा मान्छेका हाडहरू उभ्याएर
ब्रह्मपुत्रको किनारमा बाँध बाँध्ने काम हुँदो रहेछ
कुन देवताको पापले हो कि,
कुन जुनीको श्रापले हो–
मेरा मान्छेका कथाहरू आँसुले लेखिँदै गए,
मेरा मान्छेका भग्न व्यथाहरू पसिनाका ज्यालासँगै साटिँदै गए
आफ्नै पसिना र रगतको मलले पाकेको बाली पनि
मेरा मान्छेहरूलेमेरा भन्न सक्दैनन्
आफ्नै आँगन र घरमा पनिकिन हो–
मान्छेजस्तो बाँच्न सक्दैनन्
यस्तो पाप र श्रापको संसारमा
मेरा मान्छेका बिपनाहरू सपना बनेका छन्
यो कुनै दन्त्यकथा होइन,
यो कुनै काल्पनिक कहानी पनि होइन;
यो त करोडौँ अभागी मान्छेको भग्न कथा हो,
यो त मेरा जिउँदै मरेका मान्छेका
मुर्दा इतिहासको पन्ना हो ।
के मेरा बाबु, बाजे र बराजुहरूले

ब्रह्मपुत्रको पानीमा नुहाएर
हामीलाई लगाइएका पाप र श्रापहरू
पखालेनन् र ?के मेरी आमा र बजूहरूले
कामाख्या माईको चरणमा शिर राखेर
आफ्ना सन्तानको सुख र शान्तिका निम्ति,
भक्ति र सेवा गर्नेहरूका निम्ति
प्रार्थना गरेका थिएनन्र ?
त्यहाँका देवी-देवतालाई
धूप, अक्षता र फूलपाती चढाएर
पूजा गर्दै आएको कति युग भइसक्यो,
आफ्नो परिश्रमको फलमा फलेका बालीको
न्वागी चढाउँदै आएको
कति शदी भइसक्यो
आफैले बाघ र हात्तीसँग लडेर
आबादी बसाएको बस्तीमा
आज मेरा मान्छेहरू खोइ कहाँ छन् ?
आफ्नै बलिदान र रगतका बुँद-बुँदले
लेखेको इतिहासका पानाहरूमा
मेरा मान्छेहरू खोइ कहाँ छन् ?
ब्रह्मपुत्र-छाललेपनि
मेरा मान्छेहरूकै घरहरू भत्काएर लान्छ,
प्रत्येक वर्षको बाढीले पनि
मेरा मान्छेहरूकै बाली डुबाएर लान्छ,
सानोभन्दा सानो पैह्रोले पनि
मेरै मान्छेका छातीहरू भत्काएर लान्छ,
यहाँका देवी-देवता रिसाएर हो कि,
कामाख्या र ब्रह्मपुत्रको आशीर्वाद नपाएर हो कि–
देवता र देवी भएपछि
समान दृष्टि र आशीर्वाद हुनुपर्ने
ब्रह्मपुत्र र कामाख्या माईले
सबैको रक्षा गर्नुपर्ने
हामीले पुज्नुपर्ने देवता अर्कै छ कि
हामीले खोज्नुपर्ने संसार यहाँ अर्कै छ कि
*(नाम्ची दक्षिण सिक्किम)*

# हर्कमाया



– पवित्रा लामा

हर्कमायाको दिन शुरू हुन्छ,
भालेको पहिलो डाकभन्दा धेरै अघि...
अलि-अलि रक्सीको वास्ना आइरहेको
लोग्नेको आधिपत्य पन्साउँदै...
हात-मुख धोएपछि
निधारमा रातो बिन्दुली टीका
र सिउँदोभरि रातो रङ भर्नु
हर्कमायाको पहिलो काम
काँचो-सुक्खा दाउराको ठेलाठेल
र धुँवासरिको भान्सामा
परिवारको पोषणलाई व्यवस्थित पार्दै
अन्नपूर्णा हर्कमाया
तरला दलालभन्दा कतै केही कम देखिन्न ...
हर्कमाया स्वास्नी हुनको मर्म बुझ्दछे
हर्कमाया नारी हुनको धर्म पनि बुझ्दछे
उसलाई रातो रङको मूल्य थाहा छ
लगनको बेला
अग्निलाई साक्षी राख्दै
खुकुरीलाई उधोमुण्टो पारी
उसको जिन्दगीका कोरा सेता पानाभरि
लोग्नेले रङ्गाउँदै रङ्गाउँदै
रातम्मे बनाएको उसको इतिहासको
एक पाना अध्याय...
हरियो बाकसमा सुरक्षित
लगनको जोडा,
र थुप्रै-थुप्रै लज्जालु पलहरू
हर्कमायाले साटेकी छे लोग्नेसित आद्योपान्त...
हर्कमाया कुनै वादको घेरामा पर्दिनन्
पर्दिनन् कुनै अवधारणाको परिधिभित्र पनि
उ पाँच प्रहर श्रमले,
एक प्रहर प्रेमले,

दुई प्रहर मिठो निद्राले
तर आठै प्रहर दायित्वले मिश्रित
एक क्लियोपेट्रा, एक नेफ्रतिति,
एक हेलेन, ब्लेण्डा र कर्नेलिया
एक जोन अव आर्क,
एक अनन्य किम्वदन्ती....
घरि कान्लाघारि उक्लाइमा
घरि ममतामयी गाँस खुवाइमा
घरि अम्लिसो र नेभारा कटाइमा
रमाइरहेकी, गुनगुनाइरहेकी हर्कमाया ..
आफ्नो साँध-सिमानाभरिकी
एकछत्रे रजिया सुल्तान
आफ्नो काखभरिकी जीजाबाई
आफ्नो प्रणयभरिकी मुमताजमहल
आफ्नो जिन्दगीभरिकी लक्ष्मीबाई
हर्कमाया तर्क जान्दिन
न जान्दछे शास्त्र घोक्याइँहरू
साउँ अक्षर चिन्न समेत नपाई
डोको र नाम्लोहरूले थिचिएकी हर्कमायाले
बूढी औंलालाई धेरैचोटि काम लगाएकी छे
कहिले सही गर्नमा र कहिले बेसही गर्नमा ..
'कन्या भ्रूण हत्या' सुन्दै नसुनेकी हर्कमायालाई
थोरै भएपनि कृष्ण-द्रौपदीको कथा थाहा छ
दुर्गा र कालीअघि निहुरिने उसको आस्था
लोग्नेअघि पनि उत्तिकै नतमस्तक छ
राष्ट्र-सङ्घहरूले पारित गरेका
घरेलू हिंसा विरोधी ऐनहरू
वा रायसीनाभरि धलीमली भएका
जुलूस र नाराबाजीहरूले
किञ्चित कतै छुन नसकेका
हर्कमायाको बुद्धिमताले
ठिम्याउनै सक्दैन,
उसको देशको साँध-सिमाना
कुन घाटी, कुन दर्रा,
कुन खाडी, समुद्र र देशहरूसित
ठोक्किएको छ....

भर्खरै घाँसको भारी छेवैमा बिसाएर
चप्लेटी ढुङ्गामा सुस्ताइरहेकी हर्कमायालाई
मीठो शरबत पिलाइदिऊँ कि
अरून्धती, सिमोन डि बोवा, तसलीमा
गायत्री र महाश्वेताहरू एकैचोटि घोलेर....
कि शहनाज, नीलोफर र केया सेठहरूका
अरोमा थेरपीहरूमा मगमगाइदिऊँ ....
नभए उसका पाइतालाको चिरा र
हँसियाका टुप्पाबाट स्याऊँ-स्याऊँ
उमारिदिऊँ कि मार्क्स,एन्जेल्स,चे र
माओका युगान्तकारी नारा र घोषणाहरू.....
कि कानमा सुटुक्कै सुनाइदिऊँ
मन्दिर, मस्जिद, गुरूद्वारा,गुम्बा र गिर्जाहरूमा
शनैः शनैः भित्र-भित्रै पलाइरहेका
वैमनस्यता र असहिष्णुताका रागहरू...
कि रमाउन दिऊँ हर्कमायालाई,
अनि गुनगुनाउन दिऊँ...
जिन्दगीका मीठा, अबोध,
पूर्णता र सन्तुष्टिका गीतहरू
उसका सीमित कान्ला-कन्दराहरूमा

*(कालचिनी डुवर्स)*

# आमा मेरो वेबसाइटको होमपेज



**– प्रवीण राई 'जुमेली'**

मेरो र म जस्तैहरूको यो डायास्पोरामा भिज्नअघि
कुनै एल्डोराडोको सपना बोकिएको थिएन आँखामा
साँपले काँचुली छाडे जस्तै
पास हुनेहरूले स्कुल छाडे जस्तै
त्यस्सै छाडियो गाँउ
त्यस्सै छाडियो गाँउ
गाँउसित 'गाँउ' शब्दको टियारा मात्र थिएन
एकान्त र अभावको स्यास पनि थियो
आमाका गोधुली आँखाहरू थिए

थिए गोरेटोहरूमा उसले हुर्काएकी नानीको डोब र गन्ध पनि
विज्ञान र बजारको ड्रग्स बाँट्दै हिंडेको भर्चुअल विश्वले
हेर्दाहेर्दै हामीलाई सिंगो एउटा गाँउको डडेलोभित्र लपेटिसक्यो
जसको ब्ल्योकहोलभित्र डोडो बन्दै गइरहेको
मेरो नानो गाँउ र मेरी चौबन्दी आमालाई कसैले पनि
मिस्यानथ्रोपिस्ट हुनबाट बचाउन सकेन
सफलता र आकांक्षाका टेरोकार्डहरू
मनको उमङ्गलाई क्याथार्सिस नहुँदो रहेछ
देख्छु अचेलभरि नै मौरीका झैं सयौं मेगापिक्सेल आँखाबाट
साल्साका टेक्सटोनिम्समा सम्प्रेषित बन्दै गइरहने
फुल्न नसकेका निकोल किडम्यानहरू बाटो किनारामा
देख्छु अभिभावक भुलेर आकाश खोज्न हिंडेका
नदुख्नसक्ने टर्मिनेटर छातीहरू
परिवेश नै दुर्गन्धको बर्डफ्लूले समातिंदै गएकोले होला
मेरो पनि दुर्गन्ध साथी नै लाग्छ हिंड्ने नाकहरूलाई
कहिले त हरेक दिनका दिमागी खेलहरूको संसदीय शून्यकालमा
सपना विभागको मन्त्रीलाई एउटा प्रश्न गर्न मनलाग्छ
कि त्यो कस्तो पेनकिलर हो
जसले हाम्रो मनका 'दुख्नु' क्रियालाई मारिदियो
कसरी नभनूँ कि मादलको मित्रसेनले गाएको अभाव र
बास गिटारको साकिराले उगेलेको पूर्णतामा भिन्नता छ
नभनूँ कसरी कि आफ्नो नाङ्गोपन छोप्न मैले आर्जन गरेको यो लुक्स नै
डान्से मेकाब्रेको सानो प्रतीक मात्र हो
नभनूँ कसरी कि तिमी त त्यहाँ नै छैनौ
छाडिराखेको थिएँ जुन बाँसुरीमा मैले
स्मृतिको प्रज्ञामा नमरूँ म गाउँ र आमा
त्यसैका मिथिम्स सङ्गाली यसैले
मनको सिलिकन भ्यालीमा कपेको छु 'गाँउ डट कम'
र तिम्रो काखको न्यानोपन छाम्दै छाम्दै
आमा, बनाएको छु तिमीलाई मेरो वेबसाइटको होमपेज
बाँचिरहोस मभित्र सम्वेदनाको सर्वर
दिमागको गूगल सर्चमा मात्र तिम्रो इतिवृत्ति नभेटूँ
प्लुटोक्रेसीको पगरी गुँथ्न होड चलेको भीडमा
राजधानीको रेड टेपिज्म जस्तै आवहवा नबनूँ म
*(सिक्किम)*

# एउटा याद जस्तो रात बीच



– प्रेम शेर्पा 'विरोकी'

बितेका दिनहरूलाई
फेरि सम्झाउन आउने
जीवनका कुनै-कुनै दिन जस्तो यो रात !
अधुरो सपनाहरूको नीद गाँसी
मेरा आँखामा आइरहेछ
सूर्यको किरण भएर
कञ्चनजङ्घाका पहाड़ पहाड़मा
अस्ताएका मेरा आशाहरू,
जूनको किरण भएर जुनेली पाखाबाट
फेरि निस्कन्छ निस्कन्छ जतिकै
झप्पझप्प परेलाहरू जोड़दा
एउटा नयाँ दुनियाँको अनुभव भइरहेछ
यो जीवन !
जुन कैयौं दिनदेखि भोलि भोलिको
कल्पनामा बाँचेको छ-
हिजका नयाँ लहरहरू र
रमाइला दिनहरूमा मिसिएर
एउटा शुभ शुरू कि एउटा शुभ अन्त
हुन लागे लागे जस्तो जो छ सोबाट उम्कने
लोभलाग्दो आतुरता मभित्र यो रातमा जागिरेछ
*(साभार मनन पत्रिका)*

# सृजना



– बिलोक शर्मा

बग्छ नदी, कुद्छ बतास अविरल...
हिड्छ ब्रहाण्ड आफ्नै बाटो निरन्तर...
चाककहिदैन कुनै योजना, प्रक्रिया तथा सूत्रहरू
आवश्यकता पर्दैन
कुनै माध्यम, प्रतिश्रुति तथा आधारहरू
आफ्नै नियम, आफ्नै गति
आफ्नै धारा, आफ्नै प्रवाह

सोच्दा कति सरल
बुझ्दा कति जटिल
यो सृस्टि, जीवन
त्यही सृस्टिको एउटा पाटो
अति क्षुद्र...कणजस्तो
सक्षम स..ल..ल बग्न
हिमाल थेग्न
पृथ्वी बोक्न
इश्वरीय सृजनाका यी दुई पक्ष
अद्भुत तर अद्वितीय
एक श्वाश्वत
एक नश्वर
हामी यस लीलाका
विभिन्न चरित्र आ-क्षणक्षण मृत्यु
*(डुवर्स)*

# कवि गिरीको सम्झनामा दुई कविता



**– भीम थापा**

१.
रित्तो रित्तो लाग्छ मलाई
हाम्रा मुटुका पीरहरू अब
भन न कसले गाइदिने!
रित्तो रित्तो लाग्छ मलाई
धरती प्राङ्गण आज
ढलपल-ढलपल लाग्छ मलाई
नीरव सागरमाझ
नभ तलको त्यो उज्ज्वल तारा
अल्पिदिएछ आज
बन-काननको फूलहरू सब
काँडाहरूका माझ
थाहा नपाई अल्झिदिएछ
नभका व्याकुल पक्षी
नूतन पथको रेखा कोरी
लुप्त भयो नवदर्शी
कोयलको स्वर बन्द छ आज
नीरवता किन छायो
सूर्य किरणको पथमा आज
अन्धकार किन छायो
लाखन तारा कहाँ उदाए

कसले आज सम्झाइदिने
हाम्रा मुटुका पीरहरू अब
भन न कसले गाइदिने !
२.
भुल्ने छुइनँ कहिल्यै
तिमीलाई हे अगम !
भुल्ने छुइनँ कहिल्यै तिमीलाई
सौम्य मूर्ति तिम्रो
मेरो हृदयको क्यान्भास्मा
धमिलिने छैन कहिल्यै
स्पष्ट र प्रगाढ़ बन्दै जाला बरू
मेरो कवि जीवनका स्नायुहरूमा
आज तिम्रो मृत्यु दिवस नभनी
जन्म दिवस भन्दछु बरू अगम!
तिमी अगम रहनेछौँ !

*(दार्जिलिङ)*

# उज्यालोको आँखा



– **मनप्रसाद सुब्बा**

उज्यालो उघ्रेको आँखा म
ओथ्रामा अन्डाको खोस्टा चुच्चोले भित्रैबाट छेंडेर
संसार चिहाइरहेको चिङ्नाको आँखा हूँ म
बालुवामुनि लुकाइराखेको अण्डाभित्रको अन्धकार फोरेर
खतराहरूसित खेल्न बाहिर निस्केको कछुवाको आँखा हूँ म
उनीहरूले ओढेका अन्धकारको कालो ओभरसाइज लबेदालाई
मेरो आँखाको म्यानबाट झिलिक्क निस्केको उज्यालोको तरवारले
ह्वार्लाङहुर्लुङ पारिदिन्छ...
अनि एक हत्केलाले लाज छोपेर,
अर्को हातले उज्यालो छेक्न खोज्दै भाग्छन् ती
तर त्यतिन्जेल उज्यालो फैलेर कहाँकहाँ पुगिसकेको हुन्छ !
उज्यालोको शक्ति कति हो कति !
उज्यालो भनेको–-
आकारहरूको अनन्त लय,
आकृतिहरूको नौलो नौलो कोरियोग्राफी,
रङ्गहरूको रमाइलो उत्सव
निदाइराखेको अवस्थामा पनि देखिने सपना
अन्धकार भन्नु बस अन्धकार न हो
जसको जन्मै पनि हुँदैन
त्यसैले, त्यसको अस्तित्व हुँदैन

अस्तित्वहीनताको नाम हो अन्धकार,
जसले अरूको अस्तित्वलाई स्वीकार्न पनि सक्दैन
तर उज्यालोको उघ्रेको आँखासित यो सधैँ हारेको छ
अनि हार स्वीकार नगरेर भागिरहन्छ यो
फेरि मौका पाउनसाथ छोप्न आइपुग्छ
नङ्ग्याइएको छ यसलाई कैय्यौ चोटि
हजारौं आँखाहरू बलेर झलमल्ल उज्यालिएको सडकमा,
चारै दिशा एकैसाथ हेरिरहने ब्रह्मा उभिराखेको क्लक्-टावरको फेदमा...
+
ओ साथी,
नडराई आँखा उघार त
अँध्यारो आफै भाग्छ !
तिम्रो आफ्नै ओडारमा
कहिलेदेखि सुतिराखेको त्यो चितुवाको आँखालाई ब्युँझाऊ
अनि त्यो झललल बल्दो आँखाले हेर्नु
कि अँध्यारो कस्तरी छ्याङ्छ्याङ्ती नाङ्गिन्छ..
*(विजनवारी दार्जिलिङ)*

# कोठा/ कोठाहरू



– **मोहन ठकुरी**

पहिले
घरको एउटा ठूलो कोठा
अहिले
बीचमा पर्खाल उभिएर
दुइटा भएको छ त्यही कोठा
दुइटै
एक्लै
एक्लै
एउटाको ढोका पूर्वतिर खोलिन्छ
अर्कोको पश्चिमतिर
एउटै कोठा
अहिले बेग्ला - बेग्लै
र एक्ला- एक्लै
भित्रबाट बन्द छन्
दुइटै कोठाहरू
चालचुल छैन
चुपचाप चुपचाप

एकदम निःशब्द।
कहिलेकाहीकक /घरले नै
अलिकति दैलो उघारेर
सुटुक्क चियाउँछ
बन्द कोठाहरूतिर।
घरले सोंच्छ,सोककचिरहन्छ
यी दुइ कोठाहरूमाभ्र
अभ्रै माया अल्भ्रेको होलाकि कतै ?

ठूलो खुल्दुलीको छाल उर्लेको छ
घरको मनभरि
यो कुरा किटान गर्न
घरलाई अत्यन्त गाह्रो छ।
हेर्नुहोस् त तपाईँले पनि -
अभ्रै अरकच्च परिराखेकोछ घर
आँगनमा निस्केर अहिले पनि !
*(मङ्पु,दार्जिलिङ)*

# समयबोध



– **योगिता राई**

जीवनको काखीमा
घाँटीमा र पाइतालामा
कुतकुती लाउँदै
जीवनलाई जिस्काइरहेको हुन्छ
कताकता कहिलेकाहीँ मृत्युले
अहिलेघरी सिकन्दर बन्ने चाहनामा
निस्केको छ त्यो जताततै
आफ्नो समयलाई तलवार बनाएर
एउटा आतङ्ककारी हुँकार बोकेर
पक्कै त्यसको समय
बलियो छ यतिखेर
ठाउँ ठाउँमा संहार क्रूर नृत्य गर्दै
एउटा शक्ति प्रदर्शनको
खित्का छाड्दै
जीवनको रङ्गलाई
बिथोल्नुसम्म बिथोलेर
फुक्दैछ विजयको शत्त्घोष
जन्मेकै दिन जीवनको
मृत्युशाला कार्यालयमा

आफ्नो नाम पञ्जीकृत
गरिसकेकाले होला
नौनीजतिकै ठानेको छ
शायद यतिखेर त्यसले जीवनलाई
त्यससँग पैंठोजोरी गर्न नसक्ने
अवस्था छ निःसन्देह
जीवन यतिखेर।
त्यसैले भोलिको सूर्योदय हुनेसम्म
बस्न बाध्य छ त्रस्त जीवन
मूल दैलोको
भित्री चुक्कुल मारेर
समयलाई नै ढाल बनाएर
*(दार्जिलिङ)*

# बाइसौँ शताब्दीको मन्त्र- ३



– राजा पुनियानी

हे बाइसौं शताब्दीको
हाइब्रिड मनुवा
कान होइन
सेन्सरले सुनिरहेका छौं-
रोबोटको आज्ञा सुन्ने दिन हो यो
आँखा होइन
क्यामेराले हेरिरहेका छौं
रूखको रगत चाट्ने दिन हो यो
गिदी होइन
कम्प्युटरले सोचिरहेका छौं - आफ्नै मासु लुछ्ने
भयावह सुन्दर समय हो यो
*(सिलिगुडी)*

# कवि र घर



– राजेन्द्र भण्डारी

कविको घर हुँदैन
घर भए पनि भित्ता हुँदैन
ऊ त डुली हिँड्छ
गाउँको पहिरोदेखि शरणार्थी शिविरहरूसम्म
बगैँचादेखि डढेलोसम्म
रिङटोनदेखि साइरनसम्म
कविलाई घरमा नखोज्नू
घरमा कवि हुँदैन
घरमा भएको बेला
कवि कवि हुँदैन
त्यहाँ त हुन्छन्
उसले कमाएकी स्वास्नी
रचेका छोराछोरी
र आधा लेखेर छोडेको कविता।

बाँकी आधा कविता खोज्न कवि भौँतारिँदै निस्कन्छ
कवि झट्टै फर्कनै पर्छ र हामीलाई पूरा गर्नै पर्छ भनेर
आधा कविता आमरण अनसनमा बसेको हुन्छ।
कवि हाँस्दा भीड हाँस्दैन
भीड हाँस्दा कवि हाँस्दैन
भीडलाई ऊ चिन्छ
भीडले उसलाई चिन्दैन
एकथोक भन्न मञ्चमा चढ्छ
अर्कैथोक भनेर ओर्लन्छ
अनुभूति खान्छ, बिम्ब डकार्छ
मानवताको गणित बिग्रिएको बेला
कविलाई शब्दको पखाला चल्छ
पाठ्यपुस्तकमा उसको कविता पढ्ने विद्यार्थीहरू
उसलाई आँखा तर्छन्
साँझ परेपछि के खोज्न निस्केको?' पत्नी कराउँछे
ऊ चुप
ऊदेखि पत्नी कवितौँ टाढा छ
*(कालिङ्पोङ)*

# चुपचाप चुपचाप



– **रुद्र बराल**

चुपचाप चुपचाप मेरा पोस्टहरू पढ्दै जानू
चुपचाप चुपचाप मेरा कविताहरू हेर्दै जानू
कसैलाई सुइँको नदी रचनाहरू नियाल्दै जानू
मन्तव्यहीन अभिव्यक्तिहरू मनभित्रै पोख्नू
मनभित्रै पगेल्नू, चबाउनू
चुपचाप पचाउनू
चुपचाप चुपचाप समीक्षा गर्नू
समालोचनाले धराशायी पार्नू चुपचाप
मन नपरे चुपचाप च्यात्नू
मनबाट मिल्काउनू
चुपचाप गर्नू सब
चुपचाप त्यहाँ मेरा घाउहरू नियाल्नू

खतहरू ठम्याउनू
हाँसो जोख्नू, आँसु पुछ्नू
चुपचाप आफूलाई खोज्नू
आफ्नो अनुहारको चित्र छ छैन हेर्नू
हो हो हो हो लागे
चुपचाप बस्नू, अलिक तल हेर्नू
समाज खोज्नू, इतिहास खोज्नू
राजनीति सुघ्नू, कल्पना र यथार्थ तौलिनू
हो हो हो हो लागे, एक्लै घोत्लिनू
आफूलाई चिथोर्नू, ८८८ ???
ए मेरा प्रिय पाठक!
म एउटा अराजक कवि हुँ
समय घातक छ
तिमी आजै नबग्नू है मसँगै
जसो जसो पुरोहित, उसो उसो स्वाहा गर्दै
चुपचाप चुपचाप एकान्तमा गम्नू
भोलिका लागि मेरा अभिव्यक्ति
सुटुक्क कन्तुरमा राख्नू
बिहान घाम झुल्किएपछि
सुरक्षित समयको छातीमा उभिएर
सबै मिलेर आँगनमा ताप्नु यिनै सिर्जनाहरू
अनि मात्र मौनता तोड्नु
भाले बास्नू टोल थर्काउँदै
देख्यौ? मैले त भनेको थिएँ नि
*(गोहाटी, असम)*

# भुइँ टेकेर बाँच्नेहरू



– **रेमिका थापा**

रैतीहरूको गाउँमा बाह्रैमास असारको पन्ध्र
तर अचम्म ! शताब्दीदेखि कुनै एकदिन
दही–च्यूरा जुरेको कथा छैन
मालिकहरू लन्च र डिनर बुझ्छन्
भोक बुझ्दैनन् सप्पै थरी ड्रिंक्स बुझ्छन्

तिर्खा बुझ्दैनन्, परफ्यूम बुझ्छन्
पसीना र माटोको बन्ध बुझ्दैनन् ।
पैसा बुझ्छन्, सह बुझ्दैनन्
अगुल्ठोले अनिकाल खेदेर सहकाल बोलाउने
साउने सङ्क्रान्ति बुझ्दैनन्
माटोको अक्षर बुझ्ने, माटोको सुगन्ध बुझ्ने
मान्छेकै माटो कहिलेदेखि हुने ?
दही च्यूरा जुर्ने दिन कहिले होला !
असारको पन्ध्र बुझ्ने मालिक कहिले होला !
*(सिलगुडी)*

# अनास्था पहाडका गीतहरू



– **विकाश गोतामे**

एउटा नितान्त बुढो सूर्यले
छितिजको चेपबाट आफ्ना बुड्योली पहेला हातहरू
बिदामा हल्लाएपछि फगत यो पहाड़मा साँझ पर्छ
र त्यो मौन पल्टीरहेको पहाड़को टाउको मास्तिर
यौटा ककाकुली सयों वृतहरू कोर्दै जान्छ
अनि त्यो रातै उडिरहेको बादलको गर्भमा
पानी मांग्दै नमिठोसित कराइरहन्छ
त्यो त्यसैसित रोइरहन्छ तृष्णाले
अनि त्यो त्यसैसित रोइरहेथ्यो तृष्णाले
जब आकाशमा पहेलों तारा टिमटिमाउदैन तबसम्म त्यो रोइरहन्छ
जब त्यो रित्तो पहाड़मा शीतबिन्दु खस्दैन तबसम्म त्यो रोइरहन्छ
र त्यसका रोदन क्रन्दनहरू यों पहाड़को गर्भमा खसेर
इतिहास इतिहासलाई एउटा डरलाग्दो आवाज जन्माइरहन्छन्
सताव्दी बीते त्यो पहाड़का गीतहरू पनि अब त
युगों बीते त्यो पहाड़का कथाहरू पनि अब त
यसैले काकाकुली पनि आउदैन त्यहाँ
त्यसका दारूण रूवाइहरूसमेत वास माग्न पुग्दैन त्यहाँ
र अचेल केवल कालो बादल मात्र

आफ्ना पखेटाहरूमा सूर्यास्तको सुनोलो बिट मारेर
त्यो आस्थाहीन पहाड़को टाउकोबाट बहने
यौटा अतेसलाग्दो हुरीबाट बच्दै बच्दै
निलो आकाशको छातीभित्र फन्फनाई रहन्छ
अनि त्यो निरपराध पहाड़
पूर्व - सत्यहरूमा ठूलो अनास्था व्याक्ताएर सोच्छ कि
त्यसका बिगत कथाहरूमा रौनकता थिएन होइन
त्यसको व्यथित गीतहरूमा रम्यता थिएन होइन
कालो कपाल फिजाएर आयेको प्रत्येक रातलाई
त्यसले पनि आफ्नो काखमा आश्रय दिएको थियो
प्रत्येक रात घर छोडेर बेघर हुनेहरूलाई
त्यसले पनि आफ्नो छातीमा वास दिएको थियो
अचेल जस्तो त्यो यसरी निर्वाध, निर्वांग पल्टीरहनु भन्दा
त्यसले पनि मीठो सपना दिनमै देखेको थियो
र हुदा हुदै धेरै वर्ष बित्छ
त्यो पहाड़को छातीमा यौटा ठूलो भूकम्प भयो
अनि त्यसका छातीबाट दिउसै सपनाका धुप्पीहरू लडे ,
त्यसको छातीबाट दिउसै आस्थाका पोखरीहरू फूटे,
त्यसको जीवनबाट दिउसै रगतका भलहरू बगे
अनि यों खजूरो र बिच्छीहरू मात्र सकसकाइरहेको विश्वमा
अनि यों दैत्य र सैतान मात्र बड़ीरहेको संसारमा,
त्यसको सपनाको प्रवेश निषेध भयो
त्यसको सपनाको कदर निषेद भयो
त्यसको सपनाको मूल्य निषेद भयो
तबदेखि यों अनास्था पहाड़को छातीमाथि
यौटा व्यकुल चरो प्रत्येक साझ
अनर्गल गालीहरू गाउदै
अनर्गल श्रापहरू पोखादै,
अनर्गल पापहरू देखादै
फगत तृष्णाले आगोभित्र पानी मागिरहेछ
यसैले यो अनास्था पहाड़
विश्वासहरू पखालीएको त्यो बंजर पहाड़ देख्छु ।
*(साभार अनास्था पहडका गीतहरू कविता सङ्ग्रहबाट)*

# दार्जिलिङ विभिन्न आयामहरूमा



– **वीणा हाङखिम**

१.
पर्यटकको आँखीझ्यालबाट स्वर्गकी अप्सराझैं
सोह्र शृङ्गारले सुशोभित बत्तिस लक्षणले युक्त रूपसी, षोडशी
मोडिफाइड सीताहरू हिजाज बजारभरि ठम्ठम्ती छन्
मर्यादा पुरूषोत्तम रामहरू
साइबर क्याफे- मा नयाँ कल्चर गर्न
सिक्स्थ सेन्स को खेतीमा अति बेफुर्सदी छन
केवल तिनलाई हेर्न र बुझ्दिन
दर्शकसँग त्रिआयामिक पोस्टमोडर्न चस्मा चाहन्छ .
२. राजनीतिज्ञको डायरीबाट
उत्कृष्ट मौसम, अनुकूल वातावरण
प्याराप्याड र कङ्क्रिटका भित्ताभरिका अटेसमटेस
रङ्ग-बिरङ्गी पोस्टरहरू अझं कति मनमोहक !
'गङ्गा गए गङ्गाराम जमुना गए जमुनाराम'
अगुवाहरूसँग ताल मिलाउने
जता पल्टायो उतै पल्टिदिने लाटो किरोझैं
जता मल्कु उतै ढल्कु'
सर्वोत्कृष्ट यहाँका जनता जनार्दन।
चित्रकारको क्यान्भसबाट
पुरानो जीर्णोद्धार गरिनुपर्ने
आकाश छुने यी हावामहलहरू
फ्रस्टेटेड युवा जस्ता
नयाँ रङ्ग फेर्ने अभीष्ट सिद्धिमा
आँखा तन्काई तन्काई चियाइरहेछन्
रेड लाइट एरियाका पिपासु आँखा सरह
*(दार्जिलिङ)*

# त्यो रात !
# घृणा पलभर गरिनँ



**– वीरभद्र कार्कीढोली**

आकाशमा जून ताराहरू छन्
मेरो पनि सपनाहरूमा, लक्ष्य र लक्षणहरू छन्
मेरो पनि मैले रातलाई रात मानेर
घृणा कहिले गरिनँ
तर मेरा निश्चित आकारहरू
रातभर पिसेर मिठो बनाउन आएँ
जाँतो रातहरू रातभर नै
र पनि रातलाई घृणा दृष्टिले मबाट कहिले हेरिएन
ऐले ऐले बारबन्देजहरूको अर्थबोध हुँदैछ
मलाई अनुभूत
ऐले ऐले ती पैतालाहरूले अघिअघि
दबाएर कुल्चिएको दुख्दैछ
मलाई सोध, मलाई रातहरूबारे, घृणाहरूबारे
त्योबेला, मेरै नामसमेत थाहा थिएन
मलाई त्योबेला, मेरो दामसमेत थाहा थिएन
मलाई तिमी आएको थाहा छ त्यति
मलाई उधारोमा किन्न आएथ्यौ
या उधारोमा बेच्न आएथ्यौ
थाहा छैन म चिन्छु तिमीलाई
तिमी बादल उड्दै आकाशसम्म आएको हौ
मैले नै हो तिमीलाई जून, ताराहरू चिनाएको
त्यो रात! मैले तिमीलाई/तिम्रो अस्पष्टतालाई
अहँ ! घृणा पलभर गरिनँ। किञ्चित गरिनँ
सम्झ, घृणाबोध हुनै दिइनँ
*(सिक्किम)*

# नयाँ गवैया म




– **वीरेन्द्र सुब्बा**

म गाउँछु विप्लवयुक्त गाना उठाउँछू शोषकको खजाना
हटाउँछू दीन र हीन रात म ल्याउँछू स्वर्णिमको प्रभात
नयाँ गवैया म नयां गवैया
हजारको रोदनले भरेर म गीत गैह्रो नित गाउँनेछु
दुःखीहरूको दुखमा रहेर उद्विग्न भै नित्य रमाउँनेछु
विवेक नै शोषकको लुछेर म नृत्य नै पागलभ्कै रचेर
म दुःख-रोगादि सबै बढार्छु म धेर नै थोरविषे उचाल्छु
नयाँ गवैया म नयाँ गवैया
हजारको मानव-मन्त्र खोजी हजारको उज्ज्वल भाग रोजी
हजारलाई सँगमा लिएर म गाउँदै सम्मुख आउँनेछ
विरोध जाली निज औ पराई इ बाबु आमा अनि दाजु-भाई
कुटुम्बले यो वसुधा सजाई गर्दै पुकारा म त गाउँनेछु
नयाँ गवैया म नयाँ गवैया
घाँसीहरूका पिरमा मिलाई आफ्नो म सङ्गीत सुनाउनेछु
सत्रस्त लोहारसँगै उडेर स्वदेश आमा म बनाउनेछु
सधैँ सिकर्मीहरू साथ लागी हतारिदै अर्घ्य चढाउनेछु
पानी नुनीलो श्रमको पिएर सुखी डकर्मीसित गाउँनेछु
नयाँ गवैया म नयाँ गवैया
बोक्ने म ढुङ्गाहरूका पहाड हजार आमा-बहिनी अँगाली
उदासको हो कि उदारको हो सुरम्य संगीत म गाउँनेछु
नयाँ गवैया म नयाँ गवैया ..

*(साभार भारती वर्ष २, अङ्क ११ बाट)*

# त्यो माग्ने



– सानुमति राई

"बाजे ! कहाँ बस्छौ तिमी ! "
यही थियो जिज्ञासा मेरो बृद्ध माग्नेप्रति,
जसका दु:खी निधार र अनुहारमा
दु:खै-दुखैका अगणित रेखांङ्कनले दिइरहेथे सूचना
निकट-भावी मृत्युको !
"भिखारीको पनि" भन्न थाल्यो त्यो, "घर हुन्छ, नानी !
जसका आँगनमा रात बित्दो छ, त्यही मेरो घर,
जसको ढोकामा उभ्छु, त्यही हुन्छ मेरो द्वार,
सुत्छु राती तारा गन्दै खुला आँगनमा अर्काको आफ्नै घर ठानी
उभिन्छु यो पेट भर्नाखातिर आर्काको ढोकामा
आफ्नै घरको ढोका मानी !"
"के शान्ति छ तिमीलाई त्यस्ता घरमा ?"
"शान्ति ? छ अवश्य सन्तोष ! आफ्नो औकात-अनुहार !
राती-सुन्छु कहिले फटकार, अनि
बनको बिरालो भई उठेर जान्छु अरूतिर !
दिउसो-कहिले खान्छु हप्काइ; तैपनि,
सहृदय बृद्ध भै छोड्छु आशीष दिई त्यसलाई "
"आफ्नो त्यस्तो अवस्था प्रति के कहिल्यै
उठ्दैन तिम्रो मनमा दया ?"
भन्यो त्यसले सुस्केरासित, "दया ?"
दया गर्छ अरूले,
गर्दैन माग्नेले माग्नेलाई !
गर्दो हो माग्नेले दया माग्नेलाई त
जान्थ्यो किन अरूका द्वार ?"
"केही सम्पत्ति छ -?"
"छन् सम्पत्ति मेरा हुनुपर्छ जत्ति माग्नेको ।

एउटा ठूलो छ थैलो आशाको,
छ एउटा लट्ठी बुढेस्कालको,
यो जीर्ण काया र रहेको शेष प्राण"
धृष्टता थियो यो तै पनि मैले सोधेँ
"कसरी भयौ तिमी माग्ने, बाजे ?"
"जब काल-गतिले भकु-यो र हान्यो लात दुर्दिनको,
भत्क्यो बाटो जुराई खाने मुखमा !
दरिद्रताको छाती र कंगालपनाको काखमा
जब रोएँ, कराएँ, पछारिएर
अनि दुर्दिनको लात बज्-यो ममाथि अझ जोडको
उठ्न सकिनँ, तर पछि उठेछु घस्री-घस्री अनि बनेँ म माग्ने ।
छट्पटाएँ म निश्चय, रोएँ, कराएँ म अवश्य,
दुःख नै रोयो दुःख देखेर मेरो, तर पग्लेन, नानी,
भाग्यमा लेखिएका अक्षर ती ढुङ्गाका !"
"लागेन लाज माग्न जाँदा ?"
"लाज ! लाग्यो लाज अवश्य !!
तर जब पेटको ज्वालाले लाज मान्न बिर्स्यो,
जब शरीरका अंग-प्रत्यंगले लाजै मान्न छाड्यो,
अनि लाज आफैँ पच्यो !!
.म जान्नँ माग्न अरूका ढोका-ढोका
बोलाउँछन् ती द्वार आफैँ मलाई
भोक जगाई सार्छु म पाइला डराई-डराई"
"छैनन् तिम्रा कोही आफ्ना परिवार, कुटुम्ब, सन्तान?"
"यो माग्नेको?"
प्रियदर्शासिवाय छैन कोही यो संसारमा
आफ्नो भन्नु छु म नै केवल अभागीमध्ये हजारको
टोकेँ सबैलाई पहिले नै केवल यो दिन देख्नलाई
केवल टोकिनँ आफैँलाई आफ्ने देखाउन यो दिन अरूलाई !
जहान मरी घरको दियो निभाई
बसेँ दुई छोरासित अन्धकारमा आफैं अन्धकार भै !
तर छोडे ती दुईले पनि मलाई
अनि आँखा नै धमिलिए, पऱ्यो लोती आँखामनि
अनुहार सबै चाउरियो, चल्न छाडे अंगले,
निराशामा माग्ने बनायो आशाले !

अनि बोलाएँ भगवान्लाई !!
अब केवल नजिक छ एउटै कुटुम्ब,
साइनो छ मृत्यु भनेर त्योसित !
बोलाइरहेछु उसलाई केवल, लैजाओस् उसैले यो सागर तारेर !"
भिक्षा-प्राप्तिमा, अनि त्यसको अन्तरबाटे निस्क्यो,
"भलो होस् तिम्रो ! "त्यो उडेर हिँड्यो
त्यसको अन्तिम वाक्य पनि
ढुङ्गा खसेको पानीको छाल भई अकासिँदै विलीन भयो !
अनि फेरि मैले पुनः मौनभाषामा सोधेँ,
"बाजे, कहाँ जान्छौ तिमी ? "
*(साभार हिमालचुली कविता सङ्ग्रहबाट)*


# समयको घाउ



– **सिद्धार्थ राई**

समय, फेरि छादन थालेको छ
शायद अतीतलाई
पचाउन सकेन
र, पुराना व्यथाहरू
किन बल्झिरहेछन् ?
यो कस्तो वर्त्‌तमानमा उभिएछु म
कस्तो बिमारी दिनहरूमा
आइपुगें म
फेरि, समय छादन थालेको छ
वर्तमानलाई बिझाउन
पुरानो व्यथा बल्झन खोजिरहेछ
जो, धेरै दिनदेखि पुरिएको थियो
*(मिरिक)*

# माइलालाई रमिता छ



– सुधीर छेत्री

अहिलेदेखि झण्डा बोकेको होइन माइलाले
माइलालाई रमिता छ
माइलाले नै बोक्नुपर्छ
जातीय अस्मिताको भारी अनि भारीमाथि सुपारी
माइलाले बाँधिबस्नु छ सधैँ राष्ट्रिय अपरिचयको हेम्मरी,
भिरिबस्नु छ देशरक्षाको भुत्ते खुकुरी
अनि उमालिबस्नु छ खाली कराइमा रालहरू,
झम्टिरहनु छ पत्रनलाई उम्केको माछा
उसको चेतनाको गलछेँडीतिर युगैपिच्छे
कुन बज्रस्याँठले पिसाब गरिराख्छ
ठेलै ठेला उठेका छन् माइलाको कुटस्थ ब्रह्मभरि
माइला बिलिँदै गइरहेको छ हिउँको बुद्ध झैँ,
पाठकवृन्द। माइला ग्लेसियर हो जसको पग्लँदो सहादतले
धेरै खोलाहरू जन्मेका छन्, नदीहरू बनिएका छन्
माइलाको धमिलो व्यक्तित्वको बारेमा चाहिँ नसोध्नुहोला,
त्यही क्लिष्टताले त यो कविता जन्मेको हो
खबरमा पढ्नै हुन्छ
माइलाले नारा दिन्छ अघिल्लो जुलुसको पङ्क्तिमा
बादलको खरी उप्किनेगरी पछिबाट
त्यसपछि माइलाहरू कराउँछन् इन्द्रशेखर पनि उही हो
रने पनि उही हो, जनक पनि उही हो
म्याउची, जयमाया, बाटुली सबै उही हो
उभित्र काँचो कलिलो लचिलो माटो छ
जसलाई प्रत्येकपल्टको दाभिन्चिले नयाँ बजार दिन्छ
उसको भोकको टाटेपाङ्गे नक्सा बनाउँछ
पोहोर साल माइलाको मलिलो छातीमा टेकेर
ठूलो कथाको कटिङ सरेको थियो

पाठकवृन्द। उसैले काटिबस्नु जराहरू,हाँगाहरू
युगैपिच्छेअब माइलाको फोक्सोभित्र
किताबहरू जलेको गन्ध पस्दैछ
आँखा पोल्दैछ अक्षरहरू ढडेको खिरिलो धुँवामा
किसानहरूले आत्महत्या गरेको एउटा देशको मानचित्र पस्दैछ
छिरिबस्छ रगतसरिको माडमा उसको लपलपे भोक
ढकढकाइरहन्छ प्रत्येक ऋतु षडयन्त्रका नयाँ संस्करणहरूले
सजिलै चुइँकिने उसको अवचेतनको दैलो
पाठकवृन्द। कविता त आजै सकिने होइन
तर माइलालाई रमिता छ
*(कालिङपोङ)*


## आकाशका ताराहरू



**– सुभद्रा बन्जन**

आकाशका ताराहरू
टिप्न सक्ने भए
इच्छानुसार टिपेर
ल्याएर घरमा सजाउँथे हुँला
बनाएर गहना लगाउँथे हुँला
सुनौला ती ताराहरूको
रङ फिका भयो भने -
मिल्काएर फेरि त्यसलाई,
अर्को टिपी ल्याउँथे हुँला
यसरी- मिल्काइएका ताराहरू
घुरेन - कान्लाहरूमा चम्कने थिए
लुछिएर / चुँडिएर सबै ताराहरू
आकाश रित्तो हुन्थ्यो होला
रित्तिएको आकाश हेरेरम-
हरेक रात रून्यँ हुँला
*(मङ्पु)*

# म ऐलान गरिरहेछु



– हरिभक्त कटुवाल

म ऐलान गरिरहेछु
उनीहरू केवल कागजका बाघ मात्र हुन्
म ऐलान गरिरहेछु
उनीहरू नाङ्लो ठटाएर हात्ती तर्साउन पल्किएका
मुकुण्डोधारी नपुंसक एउटा जमात मात्र हुन्
त्यसैले मागेर हामी अब कसैसित केही लिन्नौँ
हाम्रा अधिकारहरू खोसेर लिन सक्ने भएका छौँ हामी
ती फ्याउराहरूको हुललाई
बाघजस्तै झम्टन सक्ने भएका छौँ हामी
भइसकेको छ– एकचोटि शक्ति परीक्षण भइसकेको छ
र विजय हाम्रो भएको छ र यो हाम्रो पहिलो विजय हो
जारी रहने छ हाम्रो विजय अभियान
अन्तिम लक्ष्य नपुगेसम्म जारी रहने छ
समर्पित छ हाम्रो यो वर्तमान
यसले भोलि एउटा उज्ज्वल इतिहास कहने छ
यसैले त म ऐलान गर्न सकिरहेछु–
कि उनीहरू केवल कागजका बाघ मात्रै हुन्
नाङ्लो ठटाएर हात्ती तर्साउन पल्केका
मुकुण्डोधारी नपुंसक एउटा जमात मात्र हुन्
*(साभार भानुपत्रिकाको कविताक्रान्ति विशेषाङ्क)*

# समय सन्धान



– ज्ञानेन्द्र खतिवडा

मातो टेक्दै उभिएको आँगन र
पाइला चाल्दै हिँड्न सिकेका
गोरेटाहरू खोज्दैछु यसबेला म
त्यो एउटा समय थियो–जहाँ आँगन हुन्थ्यो
र, ठुल्दीले बिहानै खरेटोले बढार्थिन्
रातभरि खसेको अँध्यारो
स्वार्‍याक स्वार्‍याक खरेटोको आवाजले
धम्काएपछि आँगन छोडेर भाग्थ्यो
त्यो रातभरिको अँध्यारो
र, हामीले ओछयान छोड्थ्यौं
घरैसँग गाँसिएको गोठबाट बुँवाबुँवा
र, छेवैको टाट्नाबाट म्याम्या आवाज आएपछि
हामीआँगन पुगिसकेका हुन्थ्यौं
घाम हामीलाई नै पर्खिएर बसेको हुन्थ्यो
यसबेला त्यो आँगन खोज्दैछु म
यसबेला त्यो गोरेटो खोज्दैछु म
भान्साघरबाट खै गर्दैगरेकी
आमाको आवाजको तिर्सना छ ममा
आँगनमा घोप्टिएर थकाइ मार्दै उँघिरहेका डोकाहरू छैनन् यतिखेर
छैनन् गोठको भित्तातिर सिउरिएका ती हँसिया
छैन हलो जुवा नार्ने कुनै सुरसार छैन
समय किन यति अटेरी
बाल्यकालमा उफ्रिएको आँगन
र, हिँड्न सिकेको गोरेटोभरि पोखिएको घामको
हरहरी तिर्सना बल्भिmयो ममा...।

*(सालबारी दार्जिलिङ)*

# बगैंचाभित्रका फूलहरू

● बाबुराम लम्साल, संयोजक



## अनौठो अनुभव



– **सफी भट्टराई**

थिएहोला मेरा कति
कसम र बाचा
थिएहोला कति
इच्छा र चाहना
मनमा उठेको प्रश्नको
जवाफ खोज्दै
केही उद्‌देश्य बोक्दै
गए होला?
त्यो भिजेको पसिना
डरको ढुकढुकी
तातिएको शरीर
अड्किएको सास
मेरा आँटको पर्खाइमा थियो ।

*– कक्षा ७,*
*बूढानीलकण्ठ स्कुल, काठमाडौँ*

---

## द्रव्यमोह



– **तेजस्वी भण्डारी**

भन्छन् पैसा नै हो जिन्दगानी
पैसाले नै सबै थोक आउँछ भनी
भन्दछन् पैसाले नै खुसी दिन्छ
भन्छन् पैसाले नै सुख दिन्छ ।
कति मानिस पैसा नभएर भोकले मरे
कति पैसाको पिरमा परे
पैसा नभए गरिब ठान्छन्
त्यसै गरिबले नयाँ सामान ल्याए
चोर भनी लखेट्छन् ।
सबै जना पैसा कै लागि मर्छन्
नभए अरूकै डाह गर्छन् ।
पैसाले अरू किन्ला तर खुसी
किन्न सक्दैन
मरेर जाँदा पैसाले केही गर्दैन
त्यही पैसा कमाउन भनी दिनरात
खट्छन्
जतिकमाएपनि सन्तुष्ट कहिले
पाउलान् ?

*– कक्षा ७,*
*बूढानीलकण्ठ स्कुल, काठमाडौँ*

# अछुत मान्छे म



– **चाँदनी लिम्बु**

आम्मै ! नि म त अछुत मान्छे
पल्लो जातका बाले भने कामलाई छुन हुन्न रे
पँधेरोका पानी छुन हुन्न रे
पानी अशुद्ध हुन्छ रे
तर ममा त्यस्तो के भिन्नता छ ?
जसले गर्दा म अछुत भएँ
आखिर मेरो पनि त रगत रातै छ
मेरो पनि अरू मानव जस्तै समानता छ
अपसोच म त अछुत मान्छे
पुजारी बाले भन्छन् म मन्दिरमा जानहुन्न
तर के देवताले पनि आफ्नै सृष्टिमा विभेद गर्छन् ?
यो छुत र अछुत मानवले बनाएको नै त हो नि
ए जाति भेदी मानवहरू हो, ए रगभेदी मानवहरू हो
म कसरी अछुत भएँ
मैले कुन जन्मको पापको परिणाम भोगिरहेको छु ।
मैले के त्यस्तो गल्ती गरेँ
जसको दण्ड मैले आजसम्म पनि भोगिरहेको छु ।
भन म कसरी अछुत भएँ?

*– कक्षा ७, बूढानीलकण्ठ स्कुल, काठमाडौँ*

# विद्यालय

– **अनुज चौधरी**



हाम्रो स्कुल हामीलाई लाग्छ सारै जाती
सबै कुरा पाउँछौँ हामी स्कुलमै साथी
आहा ! कति मिलेको छ कक्षाकोठा हाम्रो
सबै जाना मिल्छौँ पाछौँ यसलाई राम्रो
शिक्षादीक्षा प्रकृतिमा सबैतिर हुन्छ
देखे बुझे जाने खोजे ज्ञान यसले दिन्छ
हाम्रा गुरू गुरूआमा सारै मन पर्ने
उत्साह र प्रेरणाको ज्योति सधैँ छर्ने
हामीलाई प्यारो लाग्ने आफ्नै विद्यालय

सबै बस्छौँ आफन्त भई छैन कुनै भय
ज्ञान गुन बुद्धि हाम्रो फक्रिएको हेर्दा
यो देशको भविष्य नै सुध्रिएको देख्दा
बुवाआमा दाजु भाइ हाम्रै कुरा गर्छन्
स्कुलको गतिविधि देखी दङ्ग पर्छन् ।

*– कक्षा-७"ए",*
*लोटस एकेडेमी सिमरा बारा*

# आवाज गुन्जिएको छ



– अंशु अधिकारी
**कक्षा–११**
लोटस एकेडेमी सिमरा, बारा

एक आवाज गुन्जिएको छ शरीरभित्र
"के को चिन्ता तँ भर्खरको केटाकेटीलाई ?"
यस्ता प्रश्नले मुटु बिथोलिएको छ
एकपटक व्यथा फेरि बल्भिएको छ
प्रश्नको उत्तरमा मलाई लाग्छ
बिनासङ्कोच फुकाइदिउँ मनका गाँठाहरू
जो वर्षौंदेखि नासुर बनेर कच्पल्टिएको छ
मेरो मुटुमा अर्बुद्धको गिर्खो भएर बढिरहेछ
फेरि पनि मन अमिल्याएर चुप्प लाग्छु
मेरा वचनहरू त्यतिकै खेर जान्छ भनेर
यहाँ पनि तिमीले बुझ्दैनौ भन्ने
हेपाहा मन जिवितै छ
पढ्दै छु थाहा छ मिहिनेतले पुगेको छैन
लक्ष्यहरू बाटामा असरल्ल छोडिदिएको छु
कुन सपनाको त्यान्द्रो तुनेर अघि बढौं ?
चिन्ता बढेको छ
एक्लै पो होइन्छ कि चिन्ता बेग्लै छ
बेग्लै छ उनको र मेरो बाँच्ने शैली
साथीहरूले रूचाइएकी साथी होइन म
बुबाको रक्सीको गन्धसित निस्किएको शब्दले
आमाको चरित्र हत्या गरेको छ,
व्यवहार ढलेकी आमा विरक्त छिन्,
यो मलाई जानकारी छ
थकित आमाको ज्यानमा
घर फर्किंदा उठेको बुवाको हातले
मेरा बाल मस्तिष्कमा प्रहार गरेको छ
घाउ निको हुन्छ हुन्न चिन्ता बढाएको छ
मनको वन छिचोलिन्न कि शङ्का बढाएको छ
कति टोलाएकी? सोध्छन् सबै,
साँच्चैँ म अशान्त हुँकि टोलाएकी
डगमगाएका पाइलाहरूमा
मेरो अस्तित्व निमोठिएको छ ।

म ऐना अघि उभिन सक्दिनँ
म भित्रको म खज्मजिएको चिन्ता छ
म प्रयासरत छु म गर्नसक्छु तर
अन्त्य गर्ने आँट नआएको चिन्ता छ ।
के को चिन्ता भर्खरको केटाकेटीलाई ?
यही प्रश्न दोहोरिने चिन्ता

## भावना कमाएर आउनु



**– सेविका मगर**
**कक्षा–९**
**लोटस एकेडेमी सिमरा**

हजारौँ सपना काँधमा बोकेर
मलाई छाडिगए बेरोजगार भएँ भनेर,
आकाशमा उड्ने मन थियो रे उनको
गए मलाई एक्लो बनाएर
छाडेका छन् आज मलाई एक्लो
खुसीको आँसु कमाउन,
एक्ली छिन् आमा घरमा बिर्से उनले
किनकि लागेका छन् थोपाथोपा जमाउन
बाकसैभरि ल्याउछन् रे हर्षहरू
पराइको देशबाट आफ्नाका लागि भनी,
बाको जाँघे सिलाएको भयो धेरै
लिन जान सक्या छैन पैसाको कमी
बटुल्नतिर लागेको छौ उता,
बा यता लज्जित भएका छन्
पैसामा किन्न खोजिएका हर्षहरू
के कामका लागि चाहिएको रहेछ?
निधारमा रातो टिको लाउने
कानमा जमरा सिउरिने दिन
आउनन् के त तिम्रा लागि?
द्यौसी भैलो भन्ने दिन आउन्न के त
तिम्रा लागि वसन्त शरद सम्झेर
गयौ छाडेर मनका पखेटाहरू उचाली
बिन्ती ! आउने बेला निस्वार्थ मन
चोखो भावना कमाएर आउनु,
आमा लाज छोप्ने सारी र बाको जाँघे लिँदै आउनु,
बरू पर्खाइ लामो भयो त होस् अझ
एकचोटि घर अवश्य फर्की आउनु

# बजारमा नयाँ कृति

• प्रतीक्षा रिजाल, संयोजक



## मृत्युको छहारीमा





मृत्युको छहारीमा हालसालै बजारमा आएको नवीनतम कथा कृति हो । २०८० सालमा प्रकाशित यो कृतिका लेखक विनयराज गौतम हुन् । लामो समयसम्म शिक्षण र प्रशासनिक कर्म गरेका गौतमको यो दोस्रो कृति हो । यस कृतिभित्र ज्यान जोगियो, गाउँको घडेरी, पञ्चभलादमी, सोमरिया, मृत्युबोध, विवशताको महल, अन्तिम उपाय, सुनरपतिया, मरछिया, मृत्युको छहारीमा र विदेशिएको छोरो शीर्षकका एघार कथा छन् । दुःखसुख, पीडा, रोदन, आँसु हाँसो, जीवन, गाउँले परिवेश, सामाजिक रहनसहन, थिचोमिचो, अन्याय अत्यचार जस्ता विषयवस्तुको वरिपरि कथा समेटिएका छन् । कथामा तराईको परिवेश, जीवनशैली र भोगाईहरू छन् । विशेष गरी मध्य तराईका दुई जिल्ला बारा र पर्साको परिवेशलाई कथाहरूले नियाल्ने काम गरेका छन् । सामाजिक यथार्थता बोकेको यो कृति पठनीय र सङ्ग्रहणीय छ । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति उपलब्ध गराउने लेखकलाई हार्दिक बधाई ।

## कालो गुलाफ





कालो गुलाफ हालसालै बजारमा आएको नवीनतम कथा कृति हो । २०८० सालमा प्रकाशित यस कृतिका लेखक गोपाल अश्क हुन् । साहित्यका विभिन्न विधामा निरन्तर कलम चलाइरहेका स्रष्टा अश्कका तीन दर्जनभन्दा बढी कृति प्रकाशित छन् । कथाकृतिको रूपमा भने यो उनको तेस्रो सङ्ग्रह हो । कृतिभित्र कालो गुलाफ, एउटा लेखकको आत्मकथा, प्रेमको मृत्यु, सम्पादक, नचिताएको कुरा, डा. दिलवर दिल, मत्स्यगन्धा वेदनाको फूल, पलायन, बुबा ! हजूरबा खोई ?, भैया !, अनुगूँज, अर्न्तवाद, जन्मकुन्डली र आजभोलि शीर्षकका १५ कथाहरू रहेका छन् । कृतिभित्रका अधिकांश कथाले तराईको जनजीवन, परिवेश, समाज, रहनसहन तथा जीवनशैलीको प्रतिनिधित्व गरेका छन् । नेपाली साहित्य भण्डारमा यति राम्रा कथाहरू समेटिएको कृति उपलब्ध गराउने लेखकलाई हार्दिक बधाई ।

## मन्त्रीको मुस्कान





मन्त्रीको मुस्कान हालै बजारमा आएको नवीनतम लघुकथा सङ्ग्रह हो । २०८० सालमा प्रकाशित यो कृतिका लेखक प्रा.डा. कपिल लामिछाने हुन् । कृतिभित्र पिँजडा, बाघको विजय, ईश्वरको पुनर्जन्म, साझा तीर्थ, जुक्ति, रोबर्ट मान्छे, असल चिकित्सक, थाल, फर्सीको झाल, सुरक्षा, मात्र मान्छे, उपचार, सर्पको सोख, रेस्टुरेन्ट, प्रतिरोध, मन्त्रीको मुस्कान, ताकत, बार अक्षर, श्री तीन, राजनीतिक नियुक्ति, हुँडार एकता, मान्छे, अल्लाहेश्वर, गहना र नाक, दाँत, हन्तकाली, भर, आँखा, मल्लयुद्ध, बासीभात, ओखती, सहयात्री, मौनी, मापदण्ड, खाना, भाले, सावित्री, बोझ, भरोसा, सत्यवान्, फसाद, छोरीछोरा, गाँठी कुरो, अर्की सावित्री, सम्पत्ति, रेस्ट रूम, मूल्य, सफा मन, चोट, आस्था, आगलागी, सिस्टम, छिमेकी, मास्क शीर्षकका ५४ लघुकथा छन् । नेपाली भाषा साहित्यको प्रवर्धनमा विशिष्ट योगदान पुऱ्याई रहेका लामिछानेका यी कथा प्रतिनिधि लघुकथा हुन् । सामाजिक शिक्षाका भाव समेटिएका यी कथाहरू पठनीय र सङ्ग्रहणीय छन् । यति राम्रो कृति तयार पार्ने लेखकलाई हार्दिक बधाई ।

## प्रभातमय जिन्दगी




प्रभातमय जिन्दगी २०८० सालमा प्रकाशित नियात्रा काव्यको नाम हो । यसका लेखक नर्मदेश्वरी सत्याल हुन् । यस सङ्ग्रहभित्र निजत्व वन्दना, यात्रारम्भ, क्याम्ब्रिजको बसाइ, ब्ल्याकपुलतिरको यात्रा, स्कटल्यान्डतिरको सयर, आर.सी. सँगको भेट, क्याराभान गाउँको मिलन, वेल्सतिरको आकर्षण, सेक्सपियरको घर, रानी एलिजाबेथको निधन, नर्दन आयरल्यान्डको छाल, लन्डनको हेराइ, नातिको भाँती, युकेमा नेपाली र चाडबाड, फिर्ती, बिसाउनी शीर्षकका १६ रचना समेटिएका छन् । प्रस्तुत नियात्रा काव्यमा युके भ्रमणलाई आकर्षक रूपमा वर्णन गरिएको छ । नेपाली साहित्यमा आफ्नो छुट्टै स्थान बनाउन सफल सत्यालको यो कृति अत्यन्तै पठनीय छ । नेपाली साहित्यलाई यति राम्रो कृति दिन सफल लेखकलाई विशेष बधाई र लेखनयात्राको उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।

## ठाडो भाकाको लोक-सांस्कृतिक इतिहास




ठाडो भाकाको लोक-सास्कृतिक इतिहास अनुसन्धानमूलक पुस्तक हो । २०७५ सालमा प्रकाशित यो पुस्तकका अनुसन्धाता लालबहादुर भुजेल हुन् । पुस्तक छ अध्यायमा समेटिएको छ । पुस्तकको पहिलो अध्यायमा ठाडो भाकाको उत्पत्ति, इतिहास र विकासक्रम अनि पहिलो र दोस्रो पुस्ताका गायकहरूको नाम रहेको छ । दोस्रो अध्यायमा नेपाल अधिराज्यको सङ्क्षिप्त परिचयदेखि ठाडोभाकाको पृष्ठभूमि र परिभाषासहित् नामाकरणको जानकारी छ । तेस्रो अध्यायमा ठाडोभाकाका केही गीतहरू समेटिएका छन् । चौथो अध्यायमा ठाडो भाकाका स्रष्टाहरूको पारिवारिक नालीबेली छ । पाचौं अध्यायमा ठाडो भाकाका गीतहरूको विश्लेषण र छैठौं अध्यायमा निष्कर्ष तथा सुझाव छ । अन्त्यमा चार परिशिष्टहरू रहेका छन् । अनुसन्धानात्मक यस कृति अत्यन्तै पठनीय र सङ्ग्रहणीय छ । यति गहन कृति तयार गर्ने लेखकलाई हार्दिक बधाई ।

## अन्तरदृष्टि




अन्तर दृष्टि प्रबन्ध सङ्ग्रह हो । २०८० सालमा प्रकाशित यस पुस्तकका लेखक राजेशमान के.सी. हुन् । सङ्ग्रहभित्र विज्ञान, धर्म र अध्यात्म, प्रकृति, प्रवृत्ति र पर्यावरण, बालबालिकाको नैतिक विकास र अभिभावक, शिक्षा र हाम्रा अपाङ्गता भएका बालबालिका, प्रेम र सेवा, प्रेम र सहकालको प्रतीकः सारस, सकारात्मक चिन्तनः रचनात्मक जीवन, जेष्ठ नागरिकःनगरौँ अपमानित, अति सर्वत्र वर्जयत्, नैतिक शिक्षा नै किन?, अधिकार र जिम्मेवारी हुन्छन् बराबरी, अभिशाप होइनन् हाम्रा पहाड र पर्वतहरू, शंखको महिमा र महत्व, मस्तिष्कः संरचना, कार्य र क्षमता, आध्यात्मिक साधना के हो र किन? जस्ता १५ प्रबन्ध समेटिएका छन् । दैनिक जीवनमा देखिने समस्या र तिनको समाधान, सहज र समाधानमुखी मार्ग, नैतिकता, मानवीय समवेदना, सहयोग, सदभाव इत्यादिलाई प्रमुख विषयवस्तु बनाइएको छ । सामाजिक कुरीति, बेथिति विसङ्गति न्युनिकरणको लागि कदम चाल्नु आवश्यक छ जस्ता शिक्षाभाव यहाँका निबन्धहरूमा पाइन्छन् । स्रष्टा के.सीलाई हार्दिक बधाई ।

## पर्दाभित्र....




पर्दाभित्र....हालसालै बजारमा आएको प्रयोगात्मक शैलीमा लेखिएको नवीनतम सामाजिक उपन्यास हो । २०८० सालमा प्रकाशित यो उपन्यासका लेखक गङ्गाप्रसाद भेटवाल हुन् । १७ परिच्छेदमा विभक्त यो उपन्यास परम्परागत नभएर पृथक शैलीमा लेखिएको छ । यसले हाम्रो समाजमा पर्दाभित्र के कस्ता क्रियाकलाप हुने गर्छन्, मान्छेको भित्री र बाहिरी रूप कसरी फरक हुन्छ भन्ने कुराको विश्लेषण गरेको छ । देखाई र भोगाईको भिन्नता कस्तो हुन्छ वा कसरी मानिस पर्दाभित्र एकथरी र पर्दा बाहिर अर्कोथरी क्रियाकलापमा संलग्न रहन्छन् त्यो देखाउनु यो उपन्यासको अभीष्ट रहेको बुझिन्छ । पर्दाभित्र हुने कुरा लेखकले बाहिर ल्याएर आम जनतालाई सुसूचित गराउने काम गरेका छन् । यति राम्रो कृति नेपाली साहित्य भण्डारमा उपलब्ध गराउने लेखकलाई हार्दिक बधाई ।

## काँचुलीका लघुकथा




काँचुलीका लघुकथा मञ्जु काँचुली तिवारीको २०७९ सालमा प्रकाशित लघुकथाको सङ्ग्रह हो । सङ्ग्रहभित्र उनका ३८ थान लघुकथाहरू समेटिएका छन् । नेपाली साहित्यमा विशिष्ट स्थान बनाएकी तिवारी चर्चित कवि, कथाकार, उपन्यासकार र निबन्धकार पनि हुन् । साहित्यका विभिन्न विधामा कलम चलाएकी तिवारीको नेपाली साहित्यको सबैजसो विधामा दखल छ । नेपालीभाषा साहित्यको उत्थानमा विशिष्ट योगदान पुऱ्याएकी तिवारीले थुप्रै मानसम्मान र पुरस्कारहरू प्राप्त गरेकी छन् । काँचुलीका लघुकथा उनको पछिल्लो कृतिको नाम हो । आजभोलि लघुकथा लेखन र प्रकाशनको बाढी चलेको छ । कतिपय कृतिहरू बाढीमा बगेर पनि जान्छन् तर स्रष्टा काँचुली विशिष्ट प्रतिभा भएका कारण उनको कृतिले सफलता पाउने कुरामा दुई मत छैन । स्रष्टा काँचुलीलाई हार्दिक बधाई ।

# अतिथि सम्पादकको कलमबाट

• शरद प्रधान



भारतीय नेपाली साहित्यको इतिहास नेपालको नेपाली साहित्यको इतिहासजति पुरानो नभए पनि गर्व गर्न लायक छ । गुरूप्रसाद मैनालीको 'नासो' कथा प्रकशन हुनुभन्दा ९ वर्ष अघि नै रूपनारायण सिँहको ' अन्नपुर्णा' कथा प्रकाशित हुनुले यो कुरा पुष्टि हुन्छ । दार्जिलिङमा **नेपाली साहित्य सम्मलेन**नामक स्थापना भएको यसै वर्ष सयवर्ष पुग्छ । धरणीधर कोइरालाको कविता संङ्ग्रह **नैवेद्य**पहिलो संस्करण प्रकाशित भएको पनि सय वर्ष पुग्यो । यसको पहिलो प्रकाशन **नेपाली साहित्य सम्मेलन**ले सन् १९२५ मा गरेका थियो ।

महानन्द सापकोटाको **मन लहरी** र भानभक्त आचार्यको **बधु शिक्षा**को प्रकाशन पनि **नेपाली साहित्य सम्मेलनद्वारा** नै सन् १९२६ भएको थियो । त्यहाँ पारसमणि प्रधानको सम्पादनमा निस्कने चन्द्रिका पत्रिकाले १९१८ देखि कविहरू जन्माउन थालिसकेको थियो । भारतीय नेपाली कवितामा सशक्तता वीरेन्द्र सुब्बा, दान खालिङ, अगमसिँह गिरीको प्रवेश पछि मात्र आएको मानिन्छ ।

भारतीय नेपाली साहित्यमा आख्यान र गैरआख्यानको प्रवुद्धता कविताभन्दा पहिले भएको हो । सन् पचासको दशक भारतीय नेपाली कविताको निम्ति उर्वर समय रह्‌यो । वीरेन्द्र, धुर्व, ओकयामा ग्वाईन, सानुमति राई, अगमसिँह गिरी, नरेन्द्र कुमाई, अगमसिँह तामाङ, तुलसी अपतनको उदय यही कालखण्डमा भएको हो । सन् साठीको दशक तेस्रो आयामको युग थियो । नेपालबाट गएका बैरागी काँइला र इश्वर बल्लभ तथा दार्जिलिङका इन्द्रबहादुर राईको सयुक्त प्रयासमा शुरू भएको सो साहित्यक आन्दोलनको मुखपत्र तेस्रो आयाममा प्रकाशित अगमसिँह गिरीको कविता चिहान यहाँ बोलिरेछलाई तेस्रो आयामको प्रतिनिधि कविताको रूपमा प्रस्तुत गरेका छु ।

यही दशकमा उदय भएका कविहरू प्रेम शेर्पा विरोकी, गुमानसिँह चामलिङ, हरिभक्त कटुवाल, भीम थापालाई पनि स्थान दिन मन लाग्यो । सत्तरीको दशकमा आइपुग्दा तेस्रा आयाम केही मथ्थर भयो तर यसको प्रभाव नयाँ पुस्ताका कविहरूमा देखा पर्नु स्वभाविक थियो । यो युगलाई हाँक्ने अग्रेणी कविहरू मोहन ठकुरी, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, नोर्देन रूम्बा, किताबसिँह राई, जीवन थिङ, नोरज्याङ स्याङदेन हुन् । उनीहरूले भारतीय नेपाली कवितालाई भिन्न रूपमा प्रस्तुत गरेर एउटा अलग चिनारी दिए । उनीहरूका कविता प्रयोगात्मक त थिए नै, सँगै युगिन चेतना बोकेका नवितम शैलीका समेत थिए ।

त्यो समयका नेपालबाट लेखिएका नेपाली कविता र भारतबाट लेखिएका

नेपाली कवितामा विषयवस्तु र शैलीमा निक्कै फरक पाउन सकिन्छ । सन् असीको दशकदेखि अहिलेसम्म भारतीय नेपाली कविताले ठुलै फड्को मारेको देख्न सकिन्छ । त्यहाँबाट प्रत्येक वर्ष सयौको सङ्ख्यामा कविता सङ्ग्रहहरू प्रकाशित हुँदै जानुले यो कुराको पुष्टि गर्छ । तर गुणान्तमकता कति छ यसको भने छुट्टै चर्चा गर्नु आवश्यक छ । यस कालमा नारी हस्ताक्षरहरू पनि प्रशस्तै देखिएका छन् । वर्तमानमा लेखिरहेका केही नारी कविहरूमा मैले राम्रो कविता लेखनको प्रवल संभावना देखेको छु । **नवप्रज्ञापन**को यस १०३ **औँ** अङ्कमा सकेसम्म प्रतिनिधि नेपाली कविताहरूले स्थान पाउन् भन्ने मेरो अभिष्ट हो । यस अङ्कमा भारतमा जन्मेर भारतलाई नै कर्म थलो बनाएका कविहरूलाई मात्र समावेश गरिएको छ । वर्तमान भारतीय नेपाली कवितामा पहिचान र किनाराकृतको आवाज पनि बुलन्द बन्दै गएको पाइन्छ । यस अङ्कमा केही नयाँर केही पुराना पुस्ताका कविहरूका नौला तथा प्रयोगात्मक कविताहरूलाई स्थान दिइएको छ । **नवप्रज्ञापन**को सोच र मेरो मेरो प्रयासमा तयार भएको यस अङ्कका लागि कविता उपलब्ध गराउने कविज्युहरू र प्रकाशनको चाँजोपाँजो मिलाउने नवप्रज्ञापन साहित्यक पत्रिका परिवारप्रपत आभार व्यक्त गर्दै अहिले यो लेखनीको बिट यहीँ मार्न चाहन्छु ।

(शरद प्रधान भारतीय नेपाली साहित्यकारहरूको समीक्षात्मक जीवन 'स्मृति बिम्ब' का लेखक हुन्)






मधेस प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

# सिमरा, बाराको अनुरोध

वन जङ्गल राष्ट्रको गौरव र हाम्रो बाँच्ने आधार हो । तसर्थ, सुख्खा तथा हावाहुरीको समयमा हामीहरूको सानो लापरवाहीबाट आगोको सानो झिल्कोले वन जङ्गलमा आगलागी भई भीषण रुप लिन सक्छ। डढेलोका कारण वन पैदावार, जडिबुटी र वन्यजन्तुहरूमा ठूलो क्षति पुग्नुका साथै मानिसहरूको पनि ज्यानै जान सक्छ तसर्थ :

- बलिरहेको चुरोट, बिंडीका ठुटाहरू जथाभावी जङ्गलमा नफालौं ।
- वन जङ्गल भित्र गोल पोल्ने काम गर्दै नगरौं ।
- रातको समयमा जङ्गल वा जङ्गलको बाटो हिंड्दा राँको नबालौं ।
- वनभोजमा प्रयोग भएका, खेतबारीको झारपात डढाएपछि र वन जङ्गलभित्र पूजापाठ अथवा अन्य धार्मिक कार्य गरेपछि आगो राम्ररी निभाऔं ।
- गोठाला, घाँस–दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जङ्गलमा सलाई तथा लाइटर लिएर जान नदिऔं ।
- याद राखौं हामीहरूको सानो लापरवाहीका कारण छिनभरमै करोडौंको नोक्सानी हुन जान्छ ।

मधेस प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

# चन्दनिगाहपुर, रौतहटको अनुरोध

वन जङ्गल राष्ट्रको गौरव र हाम्रो बाँच्ने आधार हो । तसर्थ, सुख्खा तथा हावाहुरीको समयमा हामीहरूको सानो लापरवाहीबाट आगोको सानो फिल्कोले वन जङ्गलमा आगलागी भई भीषण रुप लिन सक्छ। डढेलोका कारण वन पैदावार, जडिबुटी र वन्यजन्तुहरूमा ठूलो क्षति पुग्नुका साथै मानिसहरूको पनि ज्यानै जान सक्छ तसर्थ :

- बलिरहेको चुरोट, बिंडीका ठुटाहरू जथाभावी जङ्गलमा नफालौं ।
- वन जङ्गल भित्र गोल पोल्ने काम गर्दै नगरौं ।
- रातको समयमा जङ्गल वा जङ्गलको बाटो हिंड्दा राँको नबालौं ।
- वनभोजमा प्रयोग भएका, खेतबारीको झारपात डढाएपछि र वन जङ्गलभित्र पूजापाठ अथवा अन्य धार्मिक कार्य गरेपछि आगो राम्ररी निभाऔं ।
- गोठाला, घाँस–दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जङ्गलमा सलाई तथा लाइटर लिएर जान नदिऔं ।
- याद राखौं हामीहरूको सानो लापरवाहीका कारण छिनभरमै करोडौंको नोक्सानी हुन जान्छ ।

मधेस प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

# लालबन्दी, सर्लाहीको अनुरोध

वन जङ्गल राष्ट्रको गौरव र हाम्रो बाँच्ने आधार हो । तसर्थ, सुख्खा तथा हावाहुरीको समयमा हामीहरूको सानो लापरवाहीबाट आगोको सानो झिल्कोले वन जङ्गलमा आगलागी भई भीषण रुप लिन सक्छ। डढेलोका कारण वन पैदावार, जडिबुटी र वन्यजन्तुहरूमा ठूलो क्षति पुग्नुका साथै मानिसहरूको पनि ज्यानै जान सक्छ तसर्थ :

- बलिरहेको चुरोट, बिंडीका ठुटाहरू जथाभावी जङ्गलमा नफालौं ।
- वन जङ्गल भित्र गोल पोल्ने काम गर्दै नगरौं ।
- रातको समयमा जङ्गल वा जङ्गलको बाटो हिंड्दा राँको नबालौं ।
- वनभोजमा प्रयोग भएका, खेतबारीको झारपात डढाएपछि र वन जङ्गलभित्र पूजापाठ अथवा अन्य धार्मिक कार्य गरेपछि आगो राम्ररी निभाऔं ।
- गोठाला, घाँस–दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जङ्गलमा सलाई तथा लाइटर लिएर जान नदिऔं ।
- याद राखौं हामीहरूको सानो लापरवाहीका कारण छिनभरमै करोडौंको नोक्सानी हुन जान्छ ।

मधेस प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

# जनकपुरधाम, धनुषाको अनुरोध

वन जङ्गल राष्ट्रको गौरव र हाम्रो बाँच्ने आधार हो । तसर्थ, सुख्खा तथा हावाहुरीको समयमा हामीहरूको सानो लापरवाहीबाट आगोको सानो झिल्कोले वन जङ्गलमा आगलागी भई भीषण रुप लिन सक्छ। डढेलोका कारण वन पैदावार, जडिबुटी र वन्यजन्तुहरूमा ठूलो क्षति पुग्नुका साथै मानिसहरूको पनि ज्यानै जान सक्छ तसर्थ :

- बलिरहेको चुरोट, बिंडीका ठुटाहरू जथाभावी जङ्गलमा नफालौं ।
- वन जङ्गल भित्र गोल पोल्ने काम गर्दै नगरौं ।
- रातको समयमा जङ्गल वा जङ्गलको बाटो हिंड्दा राँको नबालौं ।
- वनभोजमा प्रयोग भएका, खेतबारीको झारपात डढाएपछि र वन जङ्गलभित्र पूजापाठ अथवा अन्य धार्मिक कार्य गरेपछि आगो राम्ररी निभाऔं ।
- गोठाला, घाँस–दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जङ्गलमा सलाई तथा लाइटर लिएर जान नदिऔं ।
- याद राखौं हामीहरूको सानो लापरवाहीका कारण छिनभरमै करोडौंको नोक्सानी हुन जान्छ ।


जनताले दिएको उपहार........
राजेशमानन्धर

# वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- इजाजत प्राप्त कम्पनीमार्फत् रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशहमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतिको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# कोञ्ज्योसोम गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## चौघरे, ललितपुर

# गाउँपालिकावासी महानुभावहरुमा अनुरोध

- व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिनभित्र दर्ता गरौँ ।
- अनुशासन र नैतिकता विहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैँबाट त्यसको सुरुवात गरौँ ।
- गाउँपालिकाको विकासमा सकारात्मक सहभागिता जनाउने र गाउँपालिकालाई स्वच्छ हराभरा कायम राख्न सहयोग गरौँ ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- जेष्ठ नागरिक, एकल महिला एवं अपांगता भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता तथा अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरूपयोगमा खबरदारी गरौँ ।
- गाउँपालिका क्षेत्र तपाईंहरूकै हो । यसलाई बनाउन आफ्नो तर्फबाट सकेजति सहयोग गरौँ ।
- महिला हिंसा विरूद्ध खुलेर बोलौँ, शून्य सहष्णुता कायम गरौँ, दमनको प्रतिकार गरौँ ।
- सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरूपयोग दण्डनीय अपराध हो । त्यतातिर सचेत र सजग बनौँ ।
- विद्यालयलाई शान्तिक्षेत्र बनाऔँ । बन्द, हड्ताल, राजनीतिक क्रियाकलाप तथा हिंसात्मक गतिविधिबाट टाढै राखौँ ।
- आफ्नो क्षमताको पहिचान गरौँ र देश निर्माणको लागि आ –आफ्नो क्षेत्रबाट सकेको योगदान गरौँ ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# नेपाल विद्युत प्राधिकरण सिमरा वितरण केन्द्रको विद्युत महशुल बुझाउने बारे अत्यन्त जरुरी सूचना

- नेपाल विद्युत प्राधिकरण विद्युत महशुल संकलन विनियमावलीमा "मिटर रिडिङ गरेको ६० औं दिनसम्म विद्युत महशुल नबुझाएमा बिना सूचना लाइन काटिनेछ" भन्ने व्यवस्था रहेको छ ।
- समयमै महशुल नबुझाउने ग्राहकको लाइन काट्ने काम धमाधम भइरहेको छ । यस्ता ग्राहकहरुले बिल रकममा २५%अतिरिक्त जरिवाना तथा लाइन जोड्नको लागि दस्तुर रु. ८४७५० समेत बुझाउनुपर्ने हुन्छ ।
- तसर्थ मिटर रिडिङ हुने दिनको ७ दिनभित्र महशुल बुझाइ २५ छुट समेत पाऔं ।
- महशुल रकम अनलाइनबाट बुझाइ समय र पैसाको समेत सदुपयोग गरौं ।

**विद्युत महशुल संकलन विनियमावली २०७८ मा भएको व्यवस्था :**

| मिटर रिडिङ भएको मितिले | रिबेट/थप दस्तुर | Consumer No (SC No) 002.15.125 A भएको ग्राहकको बिचको अंकले (१५ गते) मिटर रिडिङ हुने दिन जनाउँदछ । समयमै महशुल बुझाई २७ % सम्म वचत गरौं |
|---|---|---|
| ७ दिनभित्र महशुल बुझाएमा | २% छुट | |
| ८ औं दिनदेखि १५ दिनसम्म महशुल बुझाएमा | बिल अनुसार | |
| १६ औं दिनदेखि ३० औं दिनसम्म महशुल बुझाएमा | ५% थप दस्तुर | |
| ३१ औं दिनदेखि ४०औं दिनसम्म महशुल बुझाएमा | १०% थप दस्तुर | |
| ४० दिनपछि महशुल बुझाएमा | २५% थप दस्तुर | |

– सिमरा नोलाइट ०५३-५२०१८०/९७४६५५८७११, निजगढ नोलाइट ०५३-५२०३२९/९७४६५५८७१२, अमलेखगञ्ज नोलाइट ०५३-५७०००२/९७४६५५८७१३, बिरुवागुठी नोलाइट ९८६५०२७०१०/९७४६५५८७१४, मिटर रिडिङ तथा महशुल सम्बन्धी ९८४५३०९३४२/९७४६५५८७१५ (सिमरा), ९८६५१७३११६